पत्रिका
समयमा नपुगेमा
मोबाइल नम्बर
९८१०२९०४७४ मा
सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक
टुडे एक्सप्रेस
www.etodayexpress.com
इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक ८३ ❑ पृष्ठ ८ २०७७ माघ २९ बिहीवार (2021 FEBRUARY 11 THURSDAY) ❑ मुल्य रु ५।-

आयोगमा सरकारको हस्तक्षेप हुन्न : प्रधानमन्त्री ०३ | इन्टरनेटको गलत प्रयोग : यौन शोषणमा पर्दै बालबालिका ०५ | सुन्तला उत्पादनमा वृद्धि ७

शिक्षकहरू काठमाडौंको प्रदर्शनमा, विद्यालय ठप्प

टुडे एक्सप्रेस / महोत्तरी

बर्दिबास नगरपालिका ७ प्रेमनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकहरू नेकपा प्रचण्ड-माधव नेपाल समूहको प्रदर्शनमा सहभागी हुन काठमाडौं पुगेपछि पठन पाठन ठप्प भएको छ।

प्रधानाध्यापक राम सेवक महतो जुलुसमा सहभागित हुन काठमाडौं पुगेको कार्यालय सहयोगी गंगा तिवारीले बताए। प्रधानाध्यापक महतोले पनि आफु काठमाडौं आएको फोनमा स्वीकारे। तर के कामले काठमाडौं पुगेको जिज्ञासामा उनले केहि बोलेनन्। उनी प्रदर्शनमा सहभागी भएको तस्विरहरू भने सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक भएको छ।

यस्तै शिक्षक राजविर महतो र गोविन्द साह पनि प्रदर्शनमा सहभागी हुन काठमाडौं पुगेको बुझिएको छ। प्रधानाध्यापक महतोसहित तीन शिक्षक दुई दिनदेखि अनुस्थित भएका कारण पठन पाठन नै ठप्प रहेको विद्यार्थीहरूले बताएका छन्। कोरोना संक्रमणका कारण लामो समयदेखि विद्यालय बन्द रह्यो। तर अहिले विद्यालय सञ्चालनमा आएपनि शिक्षकहरू चरम लापरबाही गरिरहँदा पनि स्थानीय सरकार मौन बनेको छ।

शैक्षिकसत्र सकिन लाग्दा पनि पुस्कको एउटा पाठ पनि पढाइ नभएको विद्यार्थीहरू बताउँछन्। पटक पटक प्रधानाध्यापक समक्ष गुनासो गर्दा पनि वास्ता नगरेको विद्यार्थीको आरोप छ। कक्षा १० मा अध्ययनरत छात्रा कबिता महतोले शिक्षक अभावमा विज्ञान र लेखा विषयको पढाइ नै नभएको बताइन्। उनले भनिन्, 'शिक्षक हुँदा पनि पढाइमा ध्यान दिँदैन।'

विद्यालयका शिक्षकहरू चरम लापरबाही गर्ने गरेको स्थानीय पञ्चु साहले बताए। उनले भने, 'अधिकांश विद्यार्थी विद्यालयको छुटी हुने समय अगावै घर पुग्छन्। हामीले पटक पटक पढाइको गुणस्तर सुधार गर्न भनेपनि कसैले सुनेका छैन।' स्थानीय भोरिल यादवले विद्यालयको गुणस्तर सुधार्न मेयर बिदुर कार्कीलाई अनुरोध गरेको र वास्ता नगरे कडा आन्दोलन गर्ने चेतावनी दिए। स्थानीय शिक्षकहरूले सधैं उपस्थित नहुने र आफ्नो नीजि काममा व्यस्त हुँदा पठन पाठन प्रभावित बनेको स्थानीय हरिदेव महतो बताउँछन्। विद्यालयका शिक्षक कमलेश यादव भने जनशक्ति अभावका कारण विद्यालयमा पठन पाठन प्रभावित भइरहेको बताए। उनले मावि तहमा शिक्षकको अभाव रहेको र विद्यालय व्यस्थापन समिति नहुँदा सुधार गर्न समस्या भएको बताए।

प्रचण्ड-माधव नेपाल समूहको शक्ति प्रदर्शन

ओलीको 'निरंकुशता'विरुद्ध थप आन्दोलन चर्काउने चेतावनी

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री केपी शर्मा ओलीको 'निरंकुशता' विरुद्ध थप आन्दोलन चर्किने बताएका छन्।

नेकपा प्रचण्ड-माधव समूहको जनसभामा सम्बोधन गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन्। उनले प्रतिनिधिसभा विघटन असंवैधानिक कदम भएको भन्दै आफूहरू जनताको शरणमा आएको बताए। उनले ओलीको असंवैधानिक कदम विरुद्ध अब लाखौं जनता सडकमा आउने दाबी गरे।

उनले निर्वाचन आयोगलाई 'काइते' कुराको पछि नलाग्न समेत आग्रह गरे। उनले आफूहरू शान्तिपूर्ण राजनीतिमा रहेको बताउँदै कानूनी मान्यतमा दृढ रहेको बताए। उनले अदालतले पनि प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा फैसला गर्नेमा विश्वास व्यक्त गरे।

प्रचण्डले गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको योगदान नबिर्सन नेपाली कांग्रेसका नेता कार्यकर्ताहरूलाई आग्रह गरे। उनले शान्ति, संविधान र लोकतन्त्रको अगुवाइ गरेको कांग्रेसले संविधानमाथि घात हुँदा संयुक्त आन्दोलनका लागि तयार हुनैपर्ने भन्दै आफूहरू हातेमालो गर्न तयार रहेको पनि प्रष्ट्याए।

'अहिले गिरिजाबाबु र सुशील कोइराला त हुनुहुन्न तर शेरबहादुरजी हुनुहुन्छ। शान्ति सम्झौता, गणतन्त्र घोषणा र संविधान निर्माणको नेता देउवाजी पनि हो। संविधान र लोकतन्त्रमा घात हुँदा संयुक्त आन्दोलनमार्फत यो देशमा लोकतन्त्र अब चै खतरामा छैन भनेर पुष्टि गर्ने अवसर कांग्रेसलाई पनि छ', उनले भने।

दाहालले कांग्रेससँग हातेमालो गरेर अगाडि बढ्न आफू तयार रहेको बताए। कांग्रेस र जनता समाजवादी पार्टी दुवैले संसद विघटनलाई असंवैधानिक भनिसकेकोले संयुक्त आन्दोलनमा होमिन ढिलो गर्न नहुने प्रचण्डको भनाइ थियो।

अर्का अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओली पहिलो नम्बरको अध्यक्ष नभएको बताए। उनले ओली पहिलो नम्बरको अध्यक्ष भनेर कहीँ कतै उल्लेख नभएको बताए। नेकपाको नभइ ओली गुटको पहिलो अध्यक्ष भएको नेपालको भनाई छ। कसैले नदिएपनि ओली भने ताज पहिरिए 'राजा भएर' हिँडिरहेको उनको भनाई छ।

यस्तै प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा फाँसिवादको अभ्यास गरिरहेको बताए। उनले प्रधानमन्त्री ओलीले नेपालमा फाँसिवादको अभ्यास गरिरहेको बताएका हुन्। प्रधानमन्त्री ओलीले बिकासको नारा दिएर, संविधान र लोकतन्त्रलाई उपहास गरेर, संविधानलाई औपचारिक रुपमा खारेज नगरीकन संविधानको धारा र अक्षरहरूमा कालोमसी पोतेर, लोकतन्त्रको हत्या गरेर फाँसिवादको अभ्यास गरेको उनको भनाई छ।

प्रवक्ता श्रेष्ठले कुनैपनि हालतमा फाँसिवाद नसहने भन्दै फाँसिवादलाई परास्त गर्ने बताए। उनले लोकतन्त्रवादीहरू चुनावको पक्षमा भएपनि संविधानलाई अपहरण गरेर, संविधानलाई घात गर्ने संविधान विरोधी चुनाव आफुहरूलाई नचाहिएको बताए। लोकतन्त्रलाई प्रभावकारी बनाउन, लोकतन्त्रलाई सुदृढ तथा कार्यकारी बनाउन चुनाव चाहिने उनको भनाई छ।

प्रवक्ता श्रेष्ठले लोकतन्त्रको ध्वसं गर्ने तथा लोकतन्त्रको हत्या गर्ने चुनाव प्रतिगमनविरोधी आन्दोलन सफल बनाएर खारेज गर्ने चेतावनी दिए। उनले प्रतिगमन विरुद्ध संयुक्त संघर्ष गर्न पहलकदमी गरिरहेको भएपनि त्यसो हुन नसकेको बताए। तर केपी ओलीको गुटबाहेक सबै आन्दोलनमा रहेको उनको भनाई छ।

विद्यालयमा तालाबन्दी

कमलेश ठाकुर / जनकपुरधाम

धनुषाको शहिदनगर नगरपालिका ३ स्थित जनता इकाई माध्यमिक विद्यालय यदुकूहामा विद्यार्थीहरूले बुधवार तलाबन्दी गरेका छन्।

पठन-पाठनको अवस्था सुधार गर्नुपर्ने र निःशुल्क भर्ना लिनुपर्ने माग राख्दै विद्यार्थीहरू आन्दोलित बनेका हुन्। बुधवार विद्यार्थीहरूले प्रधानाध्यापक प्रमोद कर्णलाई एक एकघण्टा कोठामै थुनेका थिए। पठन-पाठनमा सुधार्न र भर्ना निःशुल्क लिन पटक पटक ध्यानकर्षण गराउँदा पनि वास्ता नगरेपछि प्रधानाध्यापक कर्णलाई थुनेको र विद्यालयमा तालाबन्दी गरेको विद्यार्थीहरूले बताएका छन्।

विद्यालयमा तालाबन्दी गरेपछि विद्यार्थीहरू यदुकोहा गाउँमा समेत नाराजुलुस गरेका थिए। उनीहरूले विद्यार्थीको माग पूरा गर, भर्ना शुल्क निःशुल्क गर र विद्यार्थी एकता जिन्दावादसहितको नारा लगाए। तालाबन्दी गरेपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष नागेन्द्र मण्डलले तीन दिनभित्र माग सम्बोधन गर्ने विद्यार्थीलाई आश्वासन दिएका छन्।

सामुदायिक विद्यालयले विभिन्न शिर्षकमा चर्को शुल्क लिएको विद्यार्थीहरूको आरोप छ। सरकारले उपलब्ध गराउने पुस्तकसमेत विद्यालयले उपलब्ध नगराएको विद्यार्थीहरूको गुनासो छ। कक्षा १२ मा अध्यनरत विजय कुमार यादवले भर्ना शुल्क २१ सय रुपैयाँ लिने गरेको गुनासो गरे। उनले शुल्क लिएको बिल समेत टुडे एक्सप्रेसलाई उपलब्ध गराएका छन्।

'विद्यालयमा न कक्षाकोठा व्यवस्थित छ, न खानेपानीको व्यवस्था छ', उनले भने, 'यतिसम्म कि शौचालय पनि सफा राख्न सक्दैन। शिक्षकहरूको लापरबाहीले विद्यालयको अवस्था दिनानुदिन विग्रिदै गएको छ।

यता, प्रधानाध्यापक कर्णले विद्यालयमा विद्यार्थीले तालाबन्दी किन गरेको विषयमा केहि बोल्न मानेनन्। टुडे एक्सप्रेससँग उनले भने, 'म फोनमा केहि बोल्दिनँ। केही कुरा छ भने भेटेर गर्नुस्।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष मण्डलले भने फोन नै रिसिभ गरेन।

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४.धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७.बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८.चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०.चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११.कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
विदेह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश २, नेपाल

नाका खोल्न गौरका नगर प्रमुखको माग

भारतीय महावाणिज्यदूतलाई पत्राचार

धर्मेन्द्र साह / रौतहट

कोरोना भाइरसको संक्रमण फैलिने भन्दै जोखिमका कारण बन्द गरिएको नेपाल-भारत सिमा नाका अझै खुल्न सकेका छैन। सीमा बन्दका कारण सिमावर्ती क्षेत्रका बासिन्दाको जनजीवन प्रभावित बनेको छ।

सीमा नाकामा देखिएको अवरोध हट्न नसक्दा सर्वसाधारण समस्यामा परेको भन्दै गौर नगरपालिकाका प्रमुख अजय गुप्ताले भारतीय महावाणिज्यदूतलाई पत्राचार गरेका छन्। सरकारले निर्णय गरेर नेपाल-भारत सीमा नाका खोल्ने निर्णय गरिसकेको भएपनि भारतीय पक्षद्वारा कायमै राखेको अवरोध हटाउन पत्र मार्फत् महावाणिज्यदूतसँग आग्रह गरिएको हो।

नगर प्रमुख अजय गुप्ताले पत्र मार्फत् गौर-बैरगनिया नाकामा आवागमन सहज पारिदिन महावाणिज्यदुतसँग अनुरोध गरेका छन्। उनको पत्रमा भनिएको छ, ‘माघ १५ मा सरकारले सीमा खोल्ने निर्णय गऱ्यो। सो बमोजिम गौर-बैरगनिया नाका तीन दिन खुल्यो र चौथो दिनदेखि भारतीय सुरक्षा बलले बन्द गरिदियो।’ नाका बन्द गरेका कारण भारत-नेपाल मैत्री सम्बन्ध खासगरी मधेस तथा विहारबीच सदियौंदेखि चलिआएको बेटी-रोटीको सम्बन्ध, साँस्कृतिक एवं धार्मिक सम्बन्ध अवरुद्ध भएको नगर प्रमुख गुप्ताले पठाएको पत्रमा उल्लेख छ।



"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र ब्यापार । सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार" ।।

गौर नगरपालिका
GAUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Municipal Executive
गौर, रौतहट

पत्र संख्या/Ref. No.:- २०७६/२०७७
चलानी नं./Dispatch No.:- १६२५

मिति/Date 2077-10-25

विषय :- सहज आवागमन सम्बन्धमे ।

श्रीमान् माहावाणिज्य दुतजी,
भारतीय माहावाणिज्य दुतावास,
वीरगंज,पर्सा नेपाल ।

उपरोक्त सम्बन्धमे नेपाल सरकार मन्त्री परिषदके मिति २०७७।१०।१५ गतेका निर्णय अनुसार कोभिड-१९ के कारण बन्द रहा भारत-नेपाल सिमा खोल्नेका निर्णय किया गयाथा,वहँ निर्णय अनुसार भारत-नेपालके हरेक सिमामे आवागमन सहज रुपसे हुई लेकिन बैरगनिया-गौर सिमा ३ दिन आवागमन खुल्ला होकर पुन:फिरसे भारतीय सुरक्षाबलके द्वारा बन्द कर दिया गया,सिमा बन्द होनेके कारण भारत-नेपाल मैत्री सम्बन्ध खासकर मधेश और बिहारसे सदियोसे चला आरहा बेटी-रोटीका सम्बन्ध,सांस्कृतिक एवं धार्मिक सम्बन्ध अवरुद्ध हेनेके कारण जनमानसमे अति कष्टकरदायी जीवन जिनेका बाध्यात्मक स्थिति बन चुकाहै ।

अत: श्रीमानुसे ईस सम्बन्धको देखते हुऐ यथासिघ्र गौर-बैरगनिया बोडर सहजरुपसे आवागमनका वातावरण तैयार करने हेतू हार्दिक अनुरोध करता हुँ ।

२०७७.१०.२५
(अजय कुमार गुप्ता)
प्रमुख

अजय कुमार गुप्ता
नगर प्रमुख
गौर नगरपालिका,रौतहट

विद्यालय भवनको शिलान्यास

विनय कर्ण / राजविराज

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले बुधवार तिलाठी कोइलाडी गाउँपालिकामा एक विद्यालय भवनको शिलान्यास गरेका छन्। अध्यक्ष गाउँपालिकाको वडा नम्बर ४ स्थित राजेन्द्र देवकी माध्यमिक विद्यालयमा निर्माण गरिने भवनको एक कार्यक्रमकाबीच शिलान्यास गरेका हुन्।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत निर्माण हुन लागेको ६ कोठे दुई तल्ले भवन निर्माणको लागि एक करोड २५ लाख २७ हजार बजेट विनियोजन गरिएको गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिए। उनले अब छिट्टै निर्माण काम शुरु हुने बताउँदै भवन निर्माण सम्पन्न भएपछि शिक्षक तथा विद्यार्थीहरूलाई पठन-पाठन सहज हुने विश्वास व्यक्त गरे।

भवन निर्माणको लागि टेण्डर गरिसकिएको र भवन निर्माणको ठेक्का मधेश निर्माण सेवाले पाएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले बताए। गत चुनावमा सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ बाट अध्यक्ष यादव प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

डकैती गरेका चार युवक पक्राउ

टुडे एक्सप्रेस / जनकपुरधाम

महोत्तरी प्रहरीले डकैतिको अभियोगमा चार युवक पक्राउ गरेका छ। पक्राउ पर्नेमा बलवा नगरपालिका-७ बस्ने ३८ वर्षीय विक्रु महतो कोइरी, २५ वर्षीय निरेखन मण्डल, जलेश्वर नगरपालिका-६ बस्ने २० वर्षीय जीतेन्द्र ठाकुर र महोत्तरी गाउँपालिका-३ बस्ने २० वर्षीय दिलीप मण्डल रहेको प्रहरीचौकी सीतापुर भङ्गहाले जनाएको छ।

चारै युवकले आज बिहान १:३० बजेतिर भङ्गहा नगरपालिकाको सिंग्याही बजारमा अवस्थित शिव ज्वेलर्समा डकैति गरी भागेकोमा स्थानीयले एक जनालाई गए राति नै पक्राउ गरेका थिए। फरार तीन जनालाई आज जिल्लाकै बनौटा गाउँबाट पक्राउ गरिएको हो।

पक्राउ परेका चारमाथि शिव ज्वेलर्सबाट रु दुई लाख बराबरको सुनचाँदीका गहना लुटेर भागेको आरोप लागेको छ। उनीहरूबाट अहिलेसम्म कुनै वस्तु बरामद नभएको प्रहरी नायब उपरीक्षक विष्टले बताए। पक्राउ गरिएका चारै जनामाथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

प्राविधिक शिक्षालयका लागि करोडौंको जग्गा दान

टुडे एक्सप्रेस / जलेश्वर

महोत्तरीको गौशाला नगरपालिका-१२ मा प्राविधिक शिक्षालय भवनका लागि १० कट्ठा जग्गा नि:शुल्क प्राप्त भएको छ। गौशाला-१२ कै बासिन्दा पुराना वामपन्थी नेता महेन्द्र लामाले शिक्षालय भवनका लागि रु एक करोडभन्दा बढी मूल्य पर्ने १० कट्ठा जग्गा दान गरेका हुन्।

भवन निर्माणको शिलान्यास समेत गरिएको सो जग्गा मालपोत कार्यालय महोत्तरीबाट प्राविधिक शिक्षालय गौशालाका नाममा दर्ता पनि भइसकेको छ। प्राविधिक शिक्षालय भवन निर्माणका लागि जग्गा प्राप्त भएर थप सहयोग पाइन थालेपछि भवन निर्माणको कामले गति लिएको छ। आफ्नै नगरपालिकाको स्रोत, प्रदेश र सङ्घीय सरकारबाट प्राप्त हुने सहयोग र शिक्षाप्रेमीबाट थप सहयोगको प्रतिबद्धताले शिक्षालय भवन चाँडै तयार हुने विश्वास जागेको नगरप्रमुख शिवनाथ महतोको भनाइ छ।

यसैबीच गौशाला-१२ कान्तिबजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयले आयुर्वेद विज्ञान विषयको डिप्लोमा तहको पठनपाठन शुरु गरेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटइभिटी)को आवद्धता र स्वीकृतिमा सञ्चालन गरिएको आयुर्वेद विज्ञान विषयको पठनपाठनबारे सामाजिक चासो निकै बढेको गौशाला १२ का वडाध्यक्ष कृष्णबहादुर विश्वकर्मा बताउँछन्।

परिषद्सँगको समन्वयबाट गौशाला नगरपालिकाले आयुर्वेद विषयको पठनपाठन सञ्चालनमा ल्याएको हो। आयुर्वेद विज्ञान विषयको पठनपाठन सञ्चालन गर्ने राष्ट्रिय मावि कान्तिबजार प्रदेश २ कै पहिलो विद्यालय बनेको छ। आयुर्वेद विज्ञानलाई आधुनिक विज्ञानसँग जोडेर यो प्राचीन विषयबारे आम चासो बढाउँदै मानिसको जीवन पद्धतिसँग जोड्न आफ्नो ठाउँमा आयुर्वेद विषयको पठनपाठन शुरु गरिएको नगरप्रमुख महतो बताउँछन्।

पछिल्लो कालमा पश्चिमा विज्ञानतर्फ आकर्षण बढेकै कारण समाजबाट योग, ध्यान लोप हुँदै गएको हुँदा तीनै तहका सरकारको प्रयत्नमा प्राचीन यो विषयलाई जीवन्त बनाउन आवश्यकता रहेको महतोको भनाइ छ। स्वास्थ्य क्षेत्रमा मध्यमस्तरीय जनशक्ति उत्पादन गर्नका लागि आयुर्वेद शिक्षाको भूमिका हुने महतोले विश्वास व्यक्त गरे।

गौशाला नगर क्षेत्रमा आयुर्वेद अस्पताल स्थापनाको कामले पनि गति लिएको छ। यस प्रयोजनका लागि प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालयबाट आयुर्वेद अस्पताल निर्माणका लागि रु ३० लाख बराबरको सहयोग प्राप्त भएको नगरप्रमुख महतोले जानकारी दिए।

आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

मेष : (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) सभा समारोहमा सरिक भईनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । अचल सम्पत्ती हात पर्न सक्छ ।

वृष : (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज प्रेमीको सहयोग प्राप्त हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । बैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ ।

मिथुन : (का, कि, कु, घ, ङ, छ, के, को, हा) कष्टकर यात्रा गर्नुपर्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्छ ।

कर्कट : (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) धार्मिक तीर्थस्थलको यात्रा हुनेछ । नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ ।

सिंह : (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । प्रेमीको साथ र सहयोग पाईनेछ ।

कन्या :(टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज नयाँ कार्यको योजना बन्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउने छ ।

तुला :(रा, रि, रू, रे, रो, ता, ति, तु, ते) आज शुभकार्यको चर्चा चल्नेछ । राज्यबाट सहयोग मिल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

वृश्चिक : (तो, ना, नि, नु, ने, नो, या, यि, यु) बन्धु बान्धवबाट सहयोग मिल्नेछ । मनोरञ्जनमा सहभागी भइएला । जोश जाँगर र हिम्मत वढ्नेछ ।

धनु : (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) आज राज्यबाट मान सम्मान पाइनेछ । आँटेको र ताकेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

मकर : (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आत्मिक सन्तुष्टि मिल्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

कुम्भ : (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज मन खिन्न हुने स्थिति आउनसक्छ । बन्न लागेको काम अन्तिममा विग्रिने र झमेला आउन सक्छ ।

मिन : (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आज कार्य सम्पादनमा सहजता मिल्नेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ ।

विधेयक प्रमाणीकरण

टुडे एक्सप्रेस / जनकपुरधाम

प्रदेश २ का प्रदेश प्रमुख तिलक परियारले आज ‘प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्त’ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गरेका छन्। प्रदेशसभाबाट २०७७ कात्तिक ३ गते पारित भई २०७७ माघ १६ गते प्रदेश प्रमुख कार्यालयमा दर्ता भएको यस विधेयकलाई नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रदेश प्रमुख परियारले प्रमाणीकरण गरेको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ। यो विधेयकसहित उनको कार्यकालमा प्रमाणीकरण गरिएका विधेयकको संख्या जम्मा १७ पुगेको छ भने प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणीकरण गरिएका हालसम्मको विधेयकको संख्या जम्मा ३९ पुगेको छ।

महिला हिंसाविरुद्ध जुलुस

टुडे एक्सप्रेस / रौतहट

राजदेवी नगरपालिका ४ मा महिला हिंसाविरुद्ध जनचेतना मुलक ऱ्याली र घरदैलो कार्यक्रम गरिएको छ। ग्रामीण विकास केन्द्र र इस्लामिक रिलिफ नेपालको आयोजनामा संचालित महिला हिंसाविरुद्ध परियोजना अन्तर्गत घरदैलो कार्यक्रम गरिएको आयोजक संस्थाका अधिकृत मधुमला कर्णले बताए।

वडाध्यक्ष भागनारायण साहको अध्यक्षता र नगर उप-प्रमुख अंशु सिंहको प्रमुख आतिथ्यमा घरदैलो गरियो। कार्यक्रमलाई सम्बोधन गर्दै आरडिसी नेपालका अध्यक्ष पारस हुसैनले बाल विवाह रोक्नु पर्नेमा जोड दिए। उनले आर्थिक रुपले समृद्ध नभएसम्म परिवर्तन सम्भव नरहेकोले रोजगारीमुलक काममा जुट्नुपर्ने बताए।

कार्यक्रममा संस्थाकी ममता झा, स्थानीय राधेश्याम साह, परियोजनाकी बिजेता चौधरी, असलम अन्सारीलगायतकाहरूको उपस्थिति रहेको थियो। सभापछि सहभागीहरू गाउमा सचेतनामूलक नारा जुलुस गरेका थिए।

जसपाद्वारा मसाल जुलुस प्रदर्शन

Samsung Triple Camera

टुडे एक्सप्रेस / रौतहट

संसद विघटन र संवैधानिक निकायहरूमा गरिएको नियुक्तिको विरोधमा जनता समाजवादी पार्टी (जसपा)ले बुधवार साँझ रौतहटको विभिन्न ठाउँमा मशाल जुलुस प्रदर्शन गरेको छ।

पुर्व घोषित विरोधको कार्यक्रम अनुसार जसपा रौतहटले सदरमुकाम गौर, गरुडा, चन्द्रपुर, पिपरा लगायतका ठाउँमा मशाल जुलुस प्रदर्शन गरेको हो। प्रदर्शनमा प्रहरीले अवरोध समेत गरेको बताइएको छ। यद्यपि जसपाका नेता कार्यकर्ताहरू मशाल जुलुस प्रदर्शन गर्न सफल भएका छन्।

मसाल खोस्ने क्रममा प्रहरी र आन्दोलनकारी बीच घम्साघम्सी समेत भएको थियो। गौरमा जसपा नेता अनिल सिंहको नेतृत्वमा प्रदर्शन गरिएको छ। गरुडामा सम्पन्न मसाल जुलुसमा प्रदेश सांसद किशोरी यादव, नगर प्रमुख धर्मेन्द्र पटेल, कन्थमानी जैसवाल, ब्रिज यादव लगायतका नेताहरूको सहभागिता रहेको थियो।

महेन्द्रनगरमा प्रदेश स्तरीय पुरुष कबडी

टुडे एक्सप्रेस / जनकपुरधाम

धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगरस्थित प्रदेश स्तरीय पुरुष कबडी प्रतियोगिता सुरु भएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश २ को आयोजना र स्वास्थानी युवा क्लवको सहयोगमा प्रतियोगिता सुरु भएको हो।

प्रतियोगितामा धनुषा, सप्तरी, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट र सबैला गरी ८ वटा टिम सहभागी छन्। स्वस्थानी युवा कलबका अध्यक्ष जितेन्द्र कुमार रायको अध्यक्षता र प्रदेश २ आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवको प्रमुख आतिथ्यमा भएको बुधवारको पहिलो उद्घाटन खेल धनुषा र सप्तरीबीच भयो।

उद्घाटन कार्यक्रममा मन्त्री यादवले ‘स्वास्थ्यका लागि खेल राष्ट्रको लागि खेल’ मूल नाराको साथ ठाउँ-ठाउँमा विभिन्न किसिमका खेलहरूको आयोजना गर्दै आएको बताए। अहिले स्कुलहरूमा खेल खेलाउन प्रशिक्षक राखेको हुन्छ तर कतिपय प्रशिक्षकलाई खेलको ख पनि थाहा हुँदैन भन्दै मन्त्री यादवले धेरै ठाउँमा ठग्ने काम मात्र भइरहेकोमा दु:ख व्यक्त गरे। उनले खेलाडीहरूमाथि भइरहेको विभेदलाई हटाउने प्रतिवद्धता समेत जनाए।

कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय समितिका अध्यक्ष रामदेव यादव, अतिथी क्षिरेश्वरनाथ नगरपालिकाका उप-प्रमुख रचना माथेमा, नेपाली कांग्रेस धनुषाका पुर्व सभापति मोहन माथेमा, राजपा नेता सुखदेव यादव, राम नरेश महतो, क्षिरेश्वरनाथ नगरपालिका ७ का वडाअध्यक्ष राम किशुन यादव लगायतको उपस्थिति रहेको थियो।

प्रधानमन्त्रीका तर्फबाट बहस :

‘प्रतिनिधिसभा पुन:स्थापना भए पनि सरकार स्थिर हुँदैन’

टुडे एक्सप्रेस / काठमाडौं

सर्वोच्च अदालतमा बुधवार प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको जारी बहसमा प्रधानमन्त्री केपी शर्मा ओली पक्षबाट १५ अधिवक्ताले बहस गर्दै विघटनको अधिकार प्रधानमन्त्रीमा रहेको जिकिर गरेका छन्।

वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, वरिष्ठ अधिवक्ता माधव बाँस्कोटालगायत अधिवक्ताले संवैधानिक व्यवस्थाअनुसार नै प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेको भन्दै पुन:स्थापना हुन नसक्ने बताए। वरिष्ठ अधिवक्ता भण्डारीले प्रधानमन्त्रीले ओलीले विघटन गर्नं उचित र संविधानसम्मत भएको दाबी गरे। उनले यसअघिका संसद्को बहुमत प्रधानमन्त्रीले संसद् विघटन गरेको नजीर रहेकाले वर्तमान प्रधानमन्त्री ओलीले समेत सोही नजिरको आधारमा विघटन गराकाले सदर गर्नंपर्ने धारणा राखे।

उनले संविधानको धारा ७६ (१) को प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न प्रतिबन्ध नलगाएको उल्लेख गर्दै प्रधानमन्त्रीले धारा ७५ को कार्यकारिणी अधिकारका आधारमा धारा ७६ (७) प्रयोग गरी प्रतिनिधिसभा विघटन गर्न सिफारिस गर्नसक्ने दाबी प्रस्तुत गरे। प्रतिनिधिसभा विघटनविरुद्धको रिट निवेदनमाथि प्रधानमन्त्री ओलीका पक्षबाट बहस गर्ने अर्का वरिष्ठ अधिवक्ता न्यौपानेले २०४७ सालको संविधानमा संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई मात्रै दिएको र अहिलेको वर्तमान संविधान संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरषद्लाई दिएको भन्दै उनले रिट निवेदनको मागअनुसार आदेश जारी हुन नहुने बताए।

उनले प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेर ताजा जनादेशमा जाने निर्णय ठिक भएको स्पष्ट गर्दै उनले अविश्वासको प्रस्ताव दर्ता ढिलो भएकोले प्रतिनिधिसभा पुन:स्थापना हुन नसक्ने जिकिर गरे। ‘अविश्वासको प्रस्ताव अघिल्लो दिन नै दर्ता भएको भए पुन:स्थापना गर्नसक्ने अवस्था थियो’, उनले भने, ‘तर प्रतिनिधिसभा विघटनपछि मात्र अविश्वासको प्रस्ताव दर्ता भयो। त्यसैले पार्टी पनि नफुटेको अवस्थामा विघटन जायज हो।’

अर्का वरिष्ठ अधिवक्ता बाँस्कोटाले संविधानमा विघटनसम्बन्धी व्यवस्था भएको भन्दै प्रतिनिधिसभा विघटन संविधानसम्मत भएको बताए। उनले पाँच वर्षभन्दा पहिले प्रतिनिधिसभा विघटन नै हुन नपाउने व्यवस्था संविधानमा उल्लेख नगरिएको स्पष्ट पारे। उनले मुलुक निर्वाचनतर्फउन्मुख भएको भन्दै भने, ‘संसदीय व्यवस्थामा सरकारले निर्वाचन गर्छ। निर्वाचन हुनै सक्दैन भनेर रोक्न सकिँदैन। अदालतले पुन:स्थापना गरे पनि सरकार स्थिर हुँदैन।’

प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले गत पुस ५ गते प्रतिनिधिसभा विघटन भएको निर्णयविरुद्ध राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशि श्रेष्ठ र रामकुमारी झाँक्रीकोतर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गरेको थियो।

भ्रष्टाचार गर्ने र गराउनेलाई कडा दण्ड दिनुपर्छ : राष्ट्रपति

टुडे एक्सप्रेस / काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकमा भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारीरुपमा कदम चाल्न आवश्यक रहेको बताएकी छन्। प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजिक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३० औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले भ्रष्टाचार नियन्त्रण प्रभावकारीरुपमा हुन सकेन भने राज्यका स्रोत दुरुपयोग गरी समग्र राज्य प्रणालीलाई नै जर्जर बनाउने हुँदा भ्रष्टाचार नियन्त्रण गर्न कडाइका साथ प्रस्तुत हुन जरुरी देखिएको बताइन्।

राष्ट्रपति भण्डारीले भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउनेलाई कारवाहीको दायरामा ल्याउन जरुरी रहेको उल्लेख गरिन्। ‘मुलुकमा हुनसक्ने अव्यवस्था, बेथिति र गैरकानूनी विचलनलाई समूलरुप अन्त्य गर्न सके मात्र समष्टिगतरुपमा भ्रष्टाचार न्यूनीकरण हुँदै जानेछ’, राष्ट्रपति भण्डारीले भनिन्। जननिर्वाचित सरकारले जनताका विकास र समृद्धिका आकांक्षालाई प्रभावकारी ढङ्गले सम्बोधन गरी उच्चतम नागरिक उत्तरदायित्व बहन गर्दै अघि बढेको परिवेशमा भ्रष्टाचारप्रति शून्य सहनशिलता कायम गर्न सम्बद्ध सबै क्षेत्र, निकाय र समग्र समाज नै अग्रसर हुनुपर्ने उनले बताइन्।

अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गर्ने र गराउनेलाई समयमै पहिचान गरी उचित दण्ड दिनसके मात्र सुशासन कायम हुनसक्ने उनले उल्लेख गरेकी छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो प्रतिवेदनमार्फत सुझाएका सार्वजनिक हित र सरोकारका विषयको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले तदारुकताका साथ काम गर्ने छ भन्ने आफूले विश्वास लिएको उनको भनाइ थियो।

भ्रष्टाचार र अख्तियार दुरुपयोगविरुद्ध परेका उजुरीहरूको छानविन र अभियोजनमा आयोगले निष्पक्षता, तटस्थता र निर्भिकतालाई मूल मन्त्र मानी कार्य गर्नेछ र राज्यलाई सुशासन र समृद्धिको मार्गमा सबभन्दा ठूलो अभिभाराका साथ योगदान गर्नेछ भन्ने अपेक्षा गरेको राष्ट्रिपति भण्डारीले उल्लेख गरिन्। ‘भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन र समृद्धि प्राप्तिका लागि आयोगका पदाधिकारी एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको निष्ठा, प्रतिबद्धता, ऐक्यबद्धता र समर्पण रहने छ भन्ने मेरो विश्वास रहेको छ’, उनले भनिन्। भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि राज्यले लिएका निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक रणनीतिको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि आयोग सक्रिय बन्नुपर्नेमा राष्ट्रपति भण्डारीले जोड दिइन्।

आयोगमा सरकारको हस्तक्षेप हुन्न : प्रधानमन्त्री

टुडे एक्सप्रेस / काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काममा सरकारले कुनै किसिमको हस्तक्षेप नगर्ने स्पष्ट पारेका छन्।

अख्तियारको स्थापना नै निष्पक्षरूपमा अनुसन्धान गरेर भ्रष्टाचारीलाई कानूनी दायरामा ल्याउनु रहेकाले सरकारले उक्त कार्यमा सहयोग गर्ने उनले बताए। ‘कतिपय व्यक्तिमा सरकारले जे भन्यो अख्तियारले त्यही गर्छ भन्ने भ्रम छ, त्यो होइन र हुँदैन’, प्रधानमन्त्री ओलीले भने।

संविधान र जनतालाई शिरमा राखेर अगाडि बढ्न सुझाव दिँदै उनले भ्रष्टाचारी जोसुकै भए पनि दण्डित गर्न आग्रह गरे। सरकारले अख्तियारको कामका कुनै अवरोध नगर्ने उनले प्रष्ट पारे। अख्तियार स्वतन्त्र रहेको र उसको काममा सरकारले हस्तक्षेप नगर्ने उनले उल्लेख गरे। भ्रष्टाचार नगर्नेलाई पनि हिलो छ्याप्नैपर्ने प्रवृत्ति देखिएको भन्दै प्रधानमन्त्री ओलीले यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्ने बताए।

अख्तियारको काम सन्तोषजनक रहेको भन्दै उनले सरकार भ्रष्टाचार नियन्त्रणका प्रतिबद्ध रहेको प्रष्ट पारे। प्रधानमन्त्री ओलीले सरकार भ्रष्टाचारविरुद्ध शून्य सहनशील छ भन्ने कुराको पुष्टि व्यवहारबाटै प्रष्ट हुने बताए। भ्रष्टाचारसम्बन्धी समाचार लेख्दा सञ्चारमाध्यम जिम्मेवार बन्नुपर्नेमा उनले जोड दिए। ‘सञ्चारमाध्यम यथार्थ कुरा सूचित गर्न सक्रिय रहनुपर्छ’, प्रधानमन्त्री ओलीले सुझाव दिए, ‘भ्रष्टबाहेक यो देशमा जन्मिदैनन् भन्ने पार्न खोजिँदै छ, यो ठीक होइन।’

भ्रष्टाचार निवारणका लागि स्पष्ट कानूनी व्यवस्था आवश्यक भएको उनको भनाइ थियो। ‘संवैधानिक निकाय उत्तरदायित्व बोकेको गम्भीर संस्था हुनुपर्छ’, प्रधानमन्त्री ओलीले भने, ‘कानूनको नजरमा सबै बराबर हुन् भन्ने ढङ्गले काम गर्नंपर्छ।’ निर्दोषलाई कुनै पनि हालतमा दोषी बनाउन नहुने भन्दै उनले हचुवा तालले मुद्दा दायर नगर्न सुझाव दिए। प्रधानमन्त्री ओलीले आयोगको कामप्रति आफू सन्तुष्ट रहेको उल्लेख गरे।

‘भ्रष्टाचार सबैको साझा शत्रु हो भन्ने कुरा व्यवहारमा उतार्नं जरुरी छ’, प्रधानमन्त्री ओलीले भने। हरेक व्यक्तिले आफूलाई भ्रष्टाचारबाट मुक्त पार्न जरुरी रहेको भन्दै उनले भ्रष्टाचार गर्ने अवसर कसैले पनि पाउन नहुने बताए। ‘भ्रष्टलाई सजाय दिनैपर्छ। यसमा सबैले सहयोग गरौं’, उनले भने। सरकारले पछिल्लो समय भ्रष्टाचार निवारणका लागि नागरिक एप्स ल्याएको उनको जानकारी दिए।

संविधान विरोधीले नसुने विद्रोह हुन्छ : नेता शर्मा

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी नेकपाको स्थायी कमिटी सदस्य जनार्दन शर्माले संविधानविरोधीहरूले शान्तिपूर्ण आन्दोलनले नसुने विद्रोह हुने चेतावनी दिएका छन्।

काठमाडौंमा आयोजित प्रचण्ड माधव पक्षले आयोजना गरेको विरोधसभालाई सम्बोधन गर्दै उनले भने, ‘केपी ओलीले पदका लागि संविधान र लोकतन्त्र ध्वस्त पारे। के पदको लागि संविधान सिध्याउन मिल्छ ?’ ओलीले सरकारमा बसेर मनपरी गरेको आरोप लगाए। पार्टीभित्रको लोकतन्त्रलाई बचाउनका लागि लाग्नुपर्ने उनले बताए।

उनले भने, ‘केपी ओली कुन ग्राउन्डमा पैदा भए। त्यो समीक्षा गर्नंपर्छ। त्यो समीक्षा भएन भने फेरि महेन्द्र र केपी ओलीहरू जन्मनेछन्।’ पार्टीलाई दलालहरूले घेराबन्दी गर्ने अवस्था आइरहेको उनले बताए। भने, ‘शान्तिपूर्ण आवाज लिएर आएको जनताको आवाज कसैले सुनेनन् भने विद्रोह सुरु हुन्छ।’

कोरोनाबाट आफु बचौं र अरुलाई पनि बचाउ

वर्गीकृत विज्ञापन
मो. ९८०१०२९०४७४

राहदानी हराया

मिति २०७७/०८/१० गते मिर्चैया देखि सिरहा जाँदा खेरि वाटोमा मेरो निम्न ब्याहोरा भएको राहदानी हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध गरिन्छ।

नाम : मो कलाम उदिन
ठेगाना : मिर्चैया न. पा. १२, सिरहा
राहदानी नं. : ११७२४८५५
मोबाईल नं. : ९८०७७५२९५३

जनकनन्दिनी गाउँपालिका
गाउँपालिकाको कार्यालय
खजुरी, धनुषा
प्रदेश २ नेपाल

झोलुङ्गे पुल कार्यको लागि गै.स.स.बाट प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/१०/२९)

जनक नन्दनी गाउँपालिकाका मार्फत यस गाउँपालिकामा संचालित झोलुङ्गे पुल कार्यक्रमको लागि समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल सव सेक्टर कार्यक्रम २०६४ तथा झोलुङ्गे पुल रणनीति २०६२ को अनुसूची (ग) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा निवेदन दिनु हुन सो क्षेत्रमा कार्य गर्दै आएका ईच्छुक स्थानीय गै.स.स./सामुदायिक संस्थाहरूबाट प्रस्ताव आव्हान गरिएको छ। प्रस्ताव फारम गाउँ कार्यपालिकाको कार्यालय, खजुरीबाट प्राप्त गर्न सकिनेछ। प्रस्ताव फारमको दस्तुर वापत रु.१,०००/-(अक्षरुपी रु.एक हजार मात्र) बुझाउनु पर्नेछ। प्रस्ताव फारमको लागि संस्था दर्ता एवं नविकरण प्रमाणको प्रतिलिपी सहित लिखित अनुरोध गर्नु पर्नेछ।

अयोधी दास
प्रमुख प्रशासकीय अधिकृत

महत्वपूर्ण टेलिफोन नम्बरहरू

धनुषा (0४१-)

सिडिओ जिल्ला प्रशासन कार्यलय	९८५४००७७७७
एसपी जिल्ला प्रहरी कार्यलय	९८५४००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०६
ट्राफिक प्रहरी निरिक्षक	९८५४०९०४०२
प्रहरी (हटलाईन)	१००, ४२००९९, ४२०२९९
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर)	५२००३३
आँखा अस्पताल	५२०३९७
रक्तसंचार (रेडक्रस)	५२०८७०
जनकपुर सिटी हस्पिटल भानुचौक	५२५०१
जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक	५२५३४१
कृष्णा नर्सिङ्गहोम	५२१९१८
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३६
बरुण यन्त्र (जनकपुर)	५२००११

काठमाण्डौं (0१-)

प्रहरी कन्ट्रौल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
विर अस्पताल	४२२१२२९
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८, ४४२७४५२
नेपाल अर्थोपेडिया अस्पताल	४९११७२५
प्रसूतीगृह थापाथली	४२५३२७६
तिलगंगा आँखा अस्पताल	४४९३६८४
कान्तिपुर अस्पताल तीनकुने	४१११९५७/८५८
बी एण्ड बी अस्पताल	४४३३२०६
गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट	४२५८५५२
नर्भिक हस्पिटल, थपाथली	४२५८५५४
सहिद गंगालाल रा. हृदयरोग केन्द्र	४३७१३२२

पर्सा

प्र.जि.अ.(सिडिओ)	९८५५०७७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१११
ट्राफिक प्रहरी निरिक्षक	९८५५०९०७०१

बारा

प्र.जि.अ. (सिडिओ)	९८५५००७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०८
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८११६४

रौतहट

प्र.जि.अ. (सिडिओ)	९८५५०३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०३५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१००७
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८२६०८

सर्लाही

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक(नेपाल प्रहरी)	९८५४०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२११०
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१४५४

महोत्तरी (0४४-)

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५४०८५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०९
ट्राफिक प्रहरी निरिक्षक	९८५२०९०२७१
प्रहरी (जलेश्वर)	०४४–५२०००९
जलेश्वर अस्पताल	०४४–५२००७०
एम्बुलेन्स (जलेश्वर)	०४४–५२०१००
विद्युत (जलेश्वर)	५२००६६,५२०१६
वरुण यन्त्र (जलेश्वर)	०४४ ५२००९७

सिरहा

प्र.जि.अ.(सिडिओ)	९८५२८३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८६५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०५
ट्राफिक प्रहरी निरिक्षक	९८५२८९०१४४

सप्तरी

प्र.जि.अ. (सिडिओ)	९८५२८५७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८५५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०४
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१३७७



सम्पादकीय...

आम नागरिकको चासो संसद पुनस्थापना कि चुनाव ?

सरकारले आगामी वैशाख १७ गते पहिलो र २७ गते दोश्रो चरणमा निर्वाचन गर्ने मिति तोकिसकेको छ । संसद र सरकारमा एकलौटी बहुमत नहुँदा सरकारका कामकार्वाही र महत्वपूर्ण निर्णयहरू गर्न नसकिएकोले आगामी निर्वाचनबाट बहुमतको सरकार बनाउनु आवश्यक रहेको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट संसद विघटन भएको छ । यसरी राष्ट्रपतिबाट संसद भंग भए पछि उक्त कदमको सर्वत्र आलोचना भइरहेको छ । धेरैले प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार संविधानले नदिएको भन्दै उक्त कदमको कडा आलोचना गरेका छन् ।

पार्टीको एउटा समूहले पनि प्रधानमन्त्रीको कदम असंवैधानिक भएको भन्दै त्यसलाई तत्काल सच्याउनु पर्ने माग सहित सडक संघर्ष गरी रहेको छ । प्रधानमन्त्रीको संसद विघटनलाई लिएर सर्वोच्चमा अहिले पनि बहस भइरहेको छ । अदालतले के फैसला गर्ला, त्यो फैसला पछि मात्रै थाहा लाग्ने छ तर अदालतले संविधानलाई टेकेर नै फैसला गर्ने धेरैले आशा व्यक्त गरिरहेका छन् । अदालतको फैसला नआउँदासम्म चुनाव हुन्छ भनेर सरकार बाहेक अन्यले विश्वास गर्न सकेका छैनन् । सरकार भने अदालतले संसद विघटनकै पक्षमा फैसला गर्ने भन्दै चुनावको तयारीमा लाग्न आव्हान गरिरहेको छ । उसले पहिलो चरण वैशाख १७ गते प्रदेश २, गण्डकी प्रदेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ४० जिल्लामा चुनाव गर्ने र बाँकी प्रदेशका ३७ जिल्लामा वैशाख २७ गते निर्वाचन गर्ने मन्त्रीपरिषदको निर्णय समेत सार्वजनिक गरी सकेको छ । प्रधानमन्त्री स्वयमले निर्वाचन आयोगमा पुगेर निर्वाचनको भरपूर तयारीमा लाग्न निर्देशन समेत दिई सकेका छन् ।

सरकारले निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक वजेट समेत निर्वाचन आयोगलाई पठाइसकेको छ तर सरकारले मात्रै चाहेर निर्वाचन सम्भव होला र ? निर्वाचन हुनका लागि आवश्यक वातावरण खोई ? अहिले एकथरी यो चुनाव हुँदैन भन्ने तर्क गर्छन्, अर्कोथरी हुन्छ भन्ने अडानमा छन् । चुनाव हुन्छ/हुँदैन, भए कस्तो हुन्छ, कसरी हुन्छ जस्ता तमाम प्रश्नहरू जनमानसमा उब्जिएको छ । त्यति मात्रै हैन अब हुने चुनाव शान्तिपूर्ण हुन्छ कि हुँदैन भन्नेमा पनि नागरीकको आशंका छ । हिजो सबै दलको सहमतिमा निर्वाचनमा जाँदा पनि केही दलले निर्वाचन बहिष्कार गरेका थिए । आज त झन देशको ठूलो दलले नै निर्वाचन बहिष्कार गर्न सक्ने सम्भावना टड्कारो छ । दल र तिनका नेताहरू एकअर्कालाई होच्याउन, चिड्याउन नै व्यस्त देखिन्छन्, यस्तो अवस्थामा निर्वाचनमा जाँदा त्यसले कस्तो परिणाम निम्त्याउला ? सोच्नु पर्ने विषय भएको छ । यसो भन्दैमा निर्वाचन नै गराउनु हुन्न भन्ने चैं पक्कै होइन, निर्वाचन नै सबै राजनितिक समस्याको समाधान हुन सक्छ, जनताको ताजा जनादेश नै हरेक अन्यौलताको निकास हो, तर पहिला निर्वाचनको वातावरण बनाउन आवश्यक हुन्छ ।

देशलाई बन्दी बनाउन खोज्ने जनताको साथमा जान डराएको सरकारी पक्षले आरोप लगाइरहँदा सरकार बाहिरको पक्षले पहिला राजाले घोषणा गरेको चुनावजस्तै हुने अभिव्यक्ति दिँदै आउनुले आम नागरिकमा अन्यौलताको वातावरण सिर्जना भएको छ । प्रतिपक्ष दलले अदालतको निर्णय अनुसार आफूहरू अगाडि बढ्ने बताएका छन् भने अहिले सबैको व्यग्र प्रतीक्षा सम्मानित अदालतको आदेश नै भएको देखिन्छ । राजनीतिक दलमात्र होइन आम नागरिकको चासो पनि संसद पुनस्थापना कि चुनाव हुन्छ , भन्ने विषयमै रहेको पाइन्छ ।

नेकपाको फुट, त्यसको कारक र नेपाली जनताको अबको भूमिका

सोम दियाली

नेपाली जनताले शान्ति, समृद्धि र स्थितरताको लागि सबैभन्दा ठूलो दल बनाएको नेकपा यतिवेला फुटको स्थितिमा छ। कानूनी रुपमा अलग नभए पनि नेकपा एक हुन सक्छन् भन्ने आधार नै देखिँदैन। केही दोश्रो खेमाका नेताहरूले आफूहरूले जनचाहना अनुसार नै नेकपालाई फुट्नबाट जोगाउन आन्तरिक प्रयासमा रहेको बताएको भए पनि नेकपा अब एक हुने छाँटकाँट नै देखिँदैन। उनीहरूले अलग अलग सभा गरी एकअर्कालाई हदैसम्म गिराउने, होच्याउने गरेकोबाटै नेपाली जनताले बुझिसके कि अब नेकपा एक हुँदैन, हुँदै हुँदैन। भन्न त उनीहरूले भन्ने गरेका छन्, कि नेपाली जनताले नेकपा फुटोस् भन्ने चाहेका छैनन्, हो पनि नेपाली जनताले यदि नेकपा फुटोस भन्ने चाहन्थे भने हिजो नेकपालाई किन बहुमत दिन्थे र, किन पहिलो पार्टीको उपाधि थमाउथे र ? हिजो यी दुईको एकतामा पनि नेपाली जनताले दिपावली गरेर खुसी व्यक्त गरेकै थिए। नेपाली जनता नेपालमा शान्ति, समृद्धि र स्थिरता चाहन्छन,चाहन्थे र त कुनै एउटा पार्टीको बहुमतको ५ बर्षको सरकार होस् भनेर नेकपालाई बहुमत दिए। बहुमतको स्थिर सरकार नेपाली जनताले नचाहेको हो भने हिजोको जस्तै मिलुजुली सरकार नै ठीक थियो भनी हाल्थे नि। हो, नेपाली जनता देशमा अराजकता, अस्थिरता चाहदैनन् भन्ने कुरा सबै दल र तिनका नेतालाई थाहा भएकै कुरा हो तर पनि अहिले देशमा यो स्थिति आयो ? के कति कारणले देशमा यस्तो स्थिति आयो ? यसमा को दोषी छ ? दल, तिनका नेता या जनता ? या कुनै बाहिरी शक्तिको चलखेल ? जे पनि हुन सक्छ। नेपाली जनताले ५ वर्ष सरकार संचालन गर्न भनेर दिएको बहुमतलाई अपमान गर्नु, पार्टी भित्रको आन्तरिक किचलो र झगडाका कारण जनमतको हत्या गर्नु के यो चलखेल नभएर छलफल हो त ?

एउटा भनाइ छ नि- ‘गहिराईमा डुब्दै नडुब, डुबी सकेका छौ भने मोती नटिपी नफर्क’, तर खोई त हिजो बहुमत नहुँदा पनि बहुमत भएन, एउटै दलको बहुमतको स्थिर सरकार नभएर विकास निर्माणका काममा बाधा भयो भनेर तिनै दल र तिनका नेताले भनेका हैनन् ? यो देशमा बहुमत र स्थिर सरकार चाहिएको छ भनेका होइनन् ? हो क्यारे बहुमतको सरकार भयो भने त देशमा समृद्धि हुन्छ, विकासको लहर आउँछ, देशमा कायापलट नै हुन्छ भनेर नेपाली जनताले बहुमत दिएका होइनन् नेकपालाई ? खोई त बहुमतको कदर ? आफै आफैमा जुधेर नाटक मञ्चन गरेर नेपाली जनतालाई दिन्छु भनेको समृद्धिबाट अहिले विमुख हुन पाईन्छ ? त्यो छुट नेपाली जनताले दिन्छन होला र ? राष्ट्र र राष्ट्रियतामाथि खेलवाड गर्ने कसैलाई छुट छैन ? दल र तिनका नेताहरूले नेपाली जनतालाई धोका दिन पाउँदैनन्, हिजोको चुनावमा गरेको कबुल अनुसार दिने भनेको विकास, निकास र समृद्धि नदिइकन सुख पाउँदैनन् उनीहरूले। नेपाली जनता हिजोको जस्तो अनपढ र अबुझ छैनन्, यो एकाइसौं शताब्दी हो, नेपाली जनताले एक एक गतिविधि नियाली रहेका छन्, सरकार, दल र तिनका नेताका। हिजो बहुमतको सरकार चाहियो भनेर चुनावमा गएकाहरू, चुनाव लडेकाहरू जितेर बहुमतको सरकार पनि बनायौं। खै त नेपाली जनतालाई दिने भनेको विकास र समृद्धि ? के विकास र समृद्धि भन्ने कुरा नारामा मात्रै सिमित राख्न नेपाली जनताले मत दिएका हुन् र ? हैन कदापी पनि हैन।

हो, ठूलो दल भए पछि त्यहाँ नेता कार्यकर्ताको व्यवस्थापनमा चुनौती हुन्छ, त्यो नेपालमा मात्रै हैन संसारको जुन सुकै ठाउँमा हुन्छ। परिवारमा पनि त धेरै सदस्य हुँदा त्यस्तै हुन्छ नि हैन र ? सानो तिनो विवाद, मनमुटावलाई छलफल र आपसी समझदारीबाट टुङ्ग्याउने हो कि घरै भत्काइ दिने त ? अब अहिले ५ वर्षसम्म सरकार स्थिर हुनु पर्ने भएन। ५ वर्ष पछि हुने चुनाव ३ वर्षमै गराउने भन्दा त देशमा आर्थिक भार भएन र ? त्यसै त हरेक नेपालीको टाउकोमा ऋणको भारी छ, अझै नेपाली जनतालाई ऋणमा डुबाउने खेल खेल्न लागिएको होइन र नौटंकी ? यो सब जुंगाको लडाइको परिणाम हो, नेपाली जनता अब चुप लागेर बस्ने छैनन्, जनता जाग्नेछन्, जनचाहना विपरीत हिड्ने सरकार, दल, नेता जो सुकै होउन् बढार्ने छन्।

नेकपा फुटको कारक

केपी ओली : प्रधानमन्त्री केपी शर्मा ओली अहिलेको अवस्था(नेकपा फुट्नु) को प्रमुख कारक मध्येका एक हुन्। उनले राष्ट्रियताको पक्षमा बोले, नेपाली भूमि लिम्पीयाधुरा, लिपुलेक, कालापानी नक्सामा सामेल गरेर ऐतिहासिक काम गरे। विकासका पूर्वाधारहरू तयार गरे तर के राष्ट्रियताको पक्षमा बोले त्यो पनि सराहनीय छ। नेपाली जनताले उनको राम्रो कामको खुलेरै प्रशंसा गरेका छन्, तर राष्ट्रियताको पक्षमा बोले भन्दैमा, नागरिकले रुचाएका छन् भन्दैमा पार्टीका निर्णयलाई मान्नु पर्दैन ? पार्टीको निर्देशनलाई लत्याउन मिल्छ र उनले ? उनी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री पनि त हैनन् नि, पार्टीले नै प्रधानमन्त्री बनाएको हो भने पार्टीका निर्णयहरू मान्नु पर्दैन ? पार्टी भित्र देखा परेका विवादहरूलाई आन्तरिक रुपमै समाधान गर्नु पर्दैन ? त्यति मात्रै हैन आफ्नै मन्त्रीहरू भ्रष्टाचारमा मुछिँदा बचाउ गर्नुको सट्टा कार्वाही गर्नु पर्दैन ? निर्मला पन्त लगायतका घट्नामा न्याय दिन नसक्ने अनि मैले यसो गरें, उसो गरे भनेर फेहरिस्त सुनाएर मात्रै हुन्छ र ? विकास भनेको नियमित प्रक्रिया हो, नेतृत्वमा जो आए पनि गर्नै पर्छ, जनताको आवश्यकताले विकास निर्धारण हुने हो। अनि आफूमाथि अविश्वासको प्रस्ताव फेस गर्ने हुत्ती तपाईमा किन भएन ? होला तपाईका बाँकी योजना सफल गर्न, जनतालाई बाढेका सपना पुरा गर्न बाँकी थियो होला अनि तपाई कुर्सिमा बसि रहन चाहनु भयो। हैन भने तपाई प्रधानमन्त्री हुँदा गर्ने काम अर्को कोही प्रधानमन्त्री हुँदा रोकिन्थ्यो होला र ? तपाईले संसद विघटन बाहेकका विकल्प रोज्नु पर्ने थियो, तर त्यसो गर्नु भएन। देख्नु भयो त तपाईका कदमका कारण आज कति मान्छे सडकमा छन् ? यसले अराजकता ल्याएको होईन ? अस्थितरता ल्याएको होईन ? बाह्य शक्तिलाई चलमलाउन बल पुगेको होइन ? तर तपाईका चाहना त यो थिएन नि होइन र ? विपक्षी र विरोधी त असन्तुष्टि पोख्न सडकमा आए आए तपाईलाई किन आउनु पर्थ्यो र सडकमा ? अनि अब अझै पनि आज हैन भोलिलाई एक पटक ओलीलाई भनेर नेपाली जनताले भोट दिएर जिताउनु पर्ने ? कति पटक जिताउने नेपाली जनताले ? एक पटक हैन पटक पटक जिताएका छन्, तर खै त ति जनताले के पाए ? यी सबै जनताका प्रश्न हुन्।

पुष्पकमल दाहाल प्रचण्डः वास्तवमा नेपालमा अहिलेको अवस्था आउनुको प्रमुख कारणमा नेकपा अध्यक्ष प्रचण्ड पनि हुन्। उनलाई गणतन्त्र नेपालका संस्थापक भनेर चिन्ने गरिन्छ। तर प्रचण्डको जुन उचाई सुरुमा थियो अहिले छैन। आफुले धेरै कम्यूनिष्ट पार्टी विघटन गरेको बताउने प्रचण्डले नै देशमा स्थिरता नचाहेको कारण अहिलेको अवस्था सिर्जना भएको भन्नेहरू धेरै छन्। उनले प्रधानमन्त्री एवं समान हैसियतका अध्यक्षलाई काम गर्न नदिएको आरोप छ। पार्टीको अध्यक्ष भए पछि पार्टीको गतिविधिमा पो लाग्ने हो त, प्रधानमन्त्रीलाई यस्तो भएन, उस्तो भएन, यो गर्नु पर्‍यो, त्यो गर्नु पर्‍यो भनि रहने हो र ? आफू प्रधानमन्त्री हुँदा आफूले चाहे जसरी देश र जनताको हितमा काम गर्न पाउनु पर्छ भन्ने त उनलाई पनि होला नि। अहिलेका प्रधानमन्त्रीले पनि आफूले चाहे जसरी देश र जनताको हितमा काम गर्न खोज्दा किन टाउको दुखाको ? के पार्टीको नाम उच्च राख्न, पार्टीको इतिहास बनाउन, जनताको मन जित्नु थियो भने मलाई लाग्छ उनले प्रधानमन्त्रीको काममा बखेडा गर्दैन थिए। कसैले गर्दैन। आफ्नो पार्टीको सरकारको हौसला बढाउन रचनात्मक सहयोग गर्नु पर्नेमा उल्टै सरकारकै विरुद्ध खनिदा को सहन्छ ? प्रधानमन्त्रीले के गरे त्यस्तो र अविश्वाको प्रस्ताव लैजान खोज्नु भयो ? राष्ट्रपतिले के गरिन् र त्यस्तो महाअभियोग लगाउन खोज्नु भयो ? जनताले भनेका यस्तै छन्। मैले गरेको सवै ठिक, मैले भनेको मात्रै गर्नु पर्छ, मेरो गोरुको बाह्र टक्का भन्ने सोचका कारण प्रचण्डले नै अहिलेको अवस्था निम्त्याएको धेरैको भनाइ छ। उनले विभिन्न भाषणहरूमा यो कुरा अस्वीकार गरे पनि आफू प्रधानमन्त्री बन्ने महत्वकांक्षाका कारण नै प्रधानमन्त्री केपी शर्माओलीलाई संसद विघटन गर्न बाध्य गरियो भन्नेहरूको भीड ठुलै छ।

नेकपा फुट्दा के हुन्छ ?

पद र कुर्सीका लागि नेताहरू आपसमा लड्छन् दुःख पाउने चै सर्वसाधारण नेपाली जनता। हुन त नेपाली जनताले सुख पाएको इतिहास त कस्ले रच्न सकेको छ र ? नेपाली जनताले सधैंको रक्तपात, भेदभाव, अशान्ति नै त झेल्नु परेको छ नि। हिजोको राणाशाससन, पञ्चायत व्यवस्था, निरंकुश राजतन्त्र सवै भोगेकै त हुन नि नेपाली जनताले। अब पनि लोकतन्त्रका लागि अन्तिम लडाई भनिदै छ, यस्ता अन्तिम भन्ने भाषण पहिले पनि सुनिएकै हो। त्यो अन्तिम नतिजा कहिल्यै देख्न पाएनन् नेपाली जनताले। अब पनि हाम्रा लागि हुनेवाला केही छैन। हिजो कोरोना माहामारीका बेला पैदल हिडेर गन्तव्यमा जाँदै गरेका सर्वसाधारणलाई घर सम्म पुराई दिन कोही निस्किएनन्, आज उनीहरूको आन्तरिक झगडा मिलाई दिन जहाँ भन्यो त्यही जनता गई दिनु पर्ने, गाडी लिएर लिन पठाउने ? यहीबाट जनताले बुझेका हुन कि हाम्रा नेता जनताका लागि होईनन्, पद र कुर्सीका लागि मरिहत्ते गरी रहेका छन्। अब के हुन्छ भन्ने कसैले जिज्ञासा राखेको छ भने, अब पनि केही हुँदैन, नेता नेता नै हुन्छन्, जनता जनता नै हुन्छन्, फरक यति हो नेताले सुखसयल, यश गर्छन, जनताको दुःख ज्यूँको त्यूँ। नगरी काम पुग्दैन खान साँझ र बिहान भने झैं जनताको दुःख जनतासँगै हुन्छ नेताले एक दिन जुलुसमा गाको दिन ख्वाउलान्, चुनावमा भोट हाल्न गएको दिन खुवाउलान बाँकी दिन आफैले दुःख नगरी हुँदैन। तर यति हुँदा पनि जनतालाई सुख चै छैन है। कुनै न कुनै रुपमा यिनीहरूले जनतालाई सताइ रहन्छन्। र देशकै ठुलो पार्टी त्यसमा पनि सरकारको नेतृत्व गरी रहेको पार्टी फुट्दा त्यसले दल र राष्ट्रको छविलाई नै धमिलो बनाउँछ। विदेशी शक्तिहरू, परिवर्तनका विरोधी शक्तिहरू चलमलाउने मौका पाउँछन्।

नेपाली जनताको भूमिका के हुनु पर्छ ?

‘खसी किन्नु मान्छे चिन्नु’ भने झैं नेपाली जनताले अझै पनि सही दल र सही नेतृत्व चिन्न सकेका छैनन्। हुन त सही दल र नेतृत्व नै छैन कसरी चिन्नु भन्ने प्रश्न पनि आउन सक्छ, तर त्यस्तो होइन। हरेक नराम्रा भित्र पनि राम्रो कुरा लुकेको हुन सक्छ। त्यस्तै हामीले गलत ठानेको अहिलेको दल र नेतृत्व गलत नहुन पनि सक्छन्। दल र तिनको हिजोदेखि आजसम्मको गतिविधि, तिनका एजेण्टा के छन्, उनीहरूले एजेण्डा अनुसार काम गरेका छन् या छैनन्, गर्न सक्ने सम्भावना कति पाउनु भएको छ, तिनै आधारमा हामीले नेता चुन्ने हो।

कान पाक्ने समस्या र उपचार

डा पविना रायमाझी राणा

कान मानव शरीरको अति नै महत्वपूर्ण र संवेदनशील अंग मध्येकै एक हो। त्यसैले हरेकले आफ्नो कानको विशेष ख्याल राख्नु आवश्यक हुन्छ। विश्व स्वास्थ्य संगठनको तथ्यांक अनुसार बहिरोपनको प्रमुख कारण कानको संक्रमण हो र यो समस्याको व्यापकता विश्व तथ्यांकको तुलनामा नेपालमा धेरै नै बढी देखिन्छ। कानको संक्रमणलाई साधारण भाषामा कान पाक्ने रोग (कान भित्रबाट पिप बगेर आउन) भनिन्छ।

विश्वका अरु देशहरूमा जस्तै नेपालमा पनि बहिरोपनको प्रमुख कारण कानको संक्रमण (कान पाक्ने) हो, जुन हरेक उमेरका मानिसमा देखिएको छ। कान पाक्ने रोग मुख्य गरी कानको बाहिरी वा मध्यकानको संक्रमणले हुने गर्छ। बाहिरी कानको संक्रमणलाई ओटाइटिस एक्सटर्ना र मध्यकानको संक्रमणलाई ओटाइटिस मेडिया भनिन्छ।

बाहिरी कानको संक्रमण

यो समस्या बाहिरी कानको नलीमा संक्रमण भएर हुने गर्छ जसमा नलीको कुनै सीमित भागमा या पूरै नलीको भागमा संक्रमण हुनसक्छ। यसका अलावा कानमा ढुसीको संक्रमणको कारणले पनि बाहिरी कानको संक्रमण हुनसक्छ। जथाभावी कान कोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ हाल्ने, फोहोर पानीमा नुहाउने वा पौडी खेल्ने र बढी आर्द्रता भएको स्थानमा बसोबास गर्ने व्यक्तिहरूमा यो समस्या बढी देखिन्छ।

लक्षणहरू र चिह्नहरूः यस रोगका लक्षणहरूमा कान दुख्नु, कानबाट पिप बग्नु, थोरै मात्रामा सुनाइ कम हुनु, कानको प्वाल वरिवरी सुन्निनु वा रातो हुनु, कान चिलाउनु वा डम्म हुनु आदि हुन्। त्यसैगरी चिकित्सकबाट जाँच गर्दा बाहिरी कानको नली रातो देखिने, कानमा ढुसी पलाएको देखिने र कानको अगाडिको कुरकुरे हड्डी थिच्दा या कान चलाउँदा दुख्ने गर्छ।

रोकथाम र उपचारः बाहिरी कानको समस्याको रोकथामको लागि कान जथाभावी नकोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ नहाल्ने, फोहोर पानीमा ननुहाउने वा पौडी नखेल्ने गर्नँपर्छ। त्यसैगरी बाहिरी कानको समस्या देख्ने बित्तिकै प्रायः नाक, कान तथा घाँटी विशेषज्ञ चिकित्सकको सल्लाहमा औषधि सेवन तथा कानमा थोपा औषधि हालेर निको पार्न सकिन्छ। बाहिरी कानको समस्या प्रायःजसो माथि वर्णन गरेजस्तै हुन्छ। तर कहिलेकाहीँ यो समस्याले गम्भीर रुप लिँदै मुखको नशा, टाउको आदिमा फैलिएर ज्यानलाई खतरा हुने रुप पनि लिन सक्छ र यो समस्या ज्यादै थोरै मात्रामा देखिन्छ। विशेषगरी चिनी रोग, अरु दीर्घरोगी, रोग प्रतिरोधात्मक शक्ति कम भएका व्यक्तिहरूमा देखिन सक्छ। यस्तो बेला कान ज्यादै दुख्ने, पिप बग्ने, कानमा मासु पलाउने, मुख बांगिने, बान्ता हुने वा टाउको ज्यादै दुख्छ। यस्तो अवस्थामा तुरुन्त विशेषज्ञ चिकित्सकको सम्पर्कमा अस्पताल भर्ना भई औषधि या शल्यक्रियाबाट यसको उपचार गर्नुपर्छ।

कान पाक्ने
समस्या र उपचार
डा पविना रायमाझी राणा

मध्यकानको संक्रमण

मध्यकानको संक्रमणलाई छोटो र लामो समयको गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ। यदि कुनै व्यक्तिको कानबाट १५ दिन वा सोभन्दा कम समय पिप आउँछ भने यसलाई छोटो समयको लागि हुने मध्य कानको संक्रमण (एक्युट ओटाइटिस मेडियारएक्युट सुपरयाक्टिभ ओटाइटिस मेडिया) भनिन्छ। यो साधारणतयाः रुघा खोकी लागेपछि प्रायः जसो बच्चामा हुने गर्छ।

लक्षण र चिह्नहरूः यस संक्रमणको मुख्य लक्षण कान दुख्ने, ज्वरो आउने (विशेषगरी बच्चामा), सुनाइ कम हुने र पिप बग्ने (जालीमा प्वाल परेर) हुन्। त्यसैगरी चिकित्सकले जाँच गर्दा कानको जाली रातो भई सुन्निएको र कानको जालीमा प्वाल परेको देखिन्छ। समयमा नै उपचार नभएमा कहिलेकाहीँ संक्रमण फैलिएर मुख बांगिने, बान्ता हुने, टाउको दुख्ने या कानको पछाडि भागमा पिप जमेर सुन्निन पनि सक्छ। यस प्रकारको समस्या भएमा चिकित्सकको सल्लाह अनुसार औषधि लिएमा वा औषधिले निको नभए शल्यक्रिया गर्नँपर्ने हुन्छ। त्यसैगरी तीन महिना वा सोभन्दा बढी समयदेखि कान पाक्ने समस्या हुन्छ र यसलाई मध्य कानको लामो समयको संक्रमण भनिन्छ। लामो समयको संक्रमण पनि दुई प्रकारको हुन्छ। पहिलो, साधारण मध्य कानको संक्रमण, जसमा नगन्हाउने पिप धेरै बग्ने र बेलाबेलामा निको हुँदै फेरि दोहोरिने गर्छ। यस प्रकारको संक्रमणमा मध्य कानको जालीमा प्वाल पर्ने र सुनाइ कम हुने गर्छ। यो समस्याको उपचारको लागि सर्वप्रथम पिप सुकाउन औषधिको प्रयोग गरी पिप आउन रोकेपछि जाली पुर्नको लागि शल्यक्रिया गरिन्छ। यस शल्यक्रियालाई माइरिङ्गोप्लास्टी भनिन्छ। यो शल्यक्रियाको उद्देश्य कानबाट पिप आउन बन्द गर्नँ र सुन्न सक्ने शक्तिलाई राम्रो पार्नु हो।

दोस्रो, जटिल प्रकारको मध्य कानको संक्रमण, जसमा गन्हाउने, थोरै पिप बग्ने र कहिलेकाहीँ रगत मिसिएको पिप समेत बग्ने गर्छ। यसमा मध्य कान तथा मध्य कानको हड्डीमा जटिल समस्या देखिन्छ। यो संक्रमण मध्य कानमा मात्र सीमित रहेमा पिप बग्ने र सुनाइ कम हुने गर्छ भने समस्या जटिल हुँदै गएमा संक्रमण कानको वरिपरि फैलिएर जान सक्छ। जसमा रिंगटा लाग्ने, मुख बाङ्गो हुने, कानको पछाडि सुन्निने, भित्री कानमा संक्रमण फैलने र दिमागमा पिप जम्ने जस्ता जटिल समस्या हुनसक्छ। मध्य कानको जटिल समस्याको उपचार शीघ्र शल्यक्रियाबाट मात्र सम्भव छ, जसलाई मोडिफाइड र्‍योडिकल माइस्टोडेक्टोमी (एमआरएम) भनिन्छ। यो शल्यक्रियाको मुख्य उद्देश्य कानको संक्रमण अन्यत्र फैलनबाट रोक्नु हो।

रोकथाम र उपचार : मध्य कानको कान पाक्ने रोगको रोकथामका लागि कान जथाभावी नकोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ नहाल्ने, विशेषगरी बच्चामा बेलाबेलामा रुघाखोकी लागेमा सतर्कता अपनाउने, आमाले बच्चालाई सुताएर स्तनपान नगराउने, सरसफाइ र पौष्टिक आहारमा ध्यान दिने, कानबाट पिप बगिरहने व्यक्तिले नुहाउँदा कपासमा भ्यासलिन मल्हम वा खाने तेल हाली निचोरेको कपासले कान बन्द गरी स्नान गर्ने, नाक, कान तथा घाँटी विशेषज्ञको परामर्शमा मात्र कानमा औषधि प्रयोग गर्ने र समस्या हुनासाथ विशेषज्ञ चिकित्सकको परामर्श लिने गर्नँपर्छ। मानव शरीरको इन्द्रीयहरूमध्येको एक महत्वपूर्ण इन्द्रीय कानको उचित स्याहार गरी संक्रमण हुनबाट बचाउनु र संक्रमण हुन गएमा नाक, कान तथा घाँटी विशेषज्ञ चिकित्सकको सल्लाह लिई समयमा उपचार गर्नुपर्छ।

(डा राणा नाक कान घाँटी रोग विशेषज्ञ हुन्)

इन्टरनेटको गलत प्रयोग :

यौन शोषणमा पर्दै बालबालिका

सुशील दर्नाल / काठमाडौं

पछिल्लो समयमा इन्टरनेटको गलत प्रयोगका कारण बालबालिका यौन शोषणमा पर्दै गएका छन्। नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन-नेपाल) ले गरेको अध्ययनअनुसार इन्टरनेट सेवाबाट बालबालिकामा नकारात्मक असर परेसँगै अनलाइनबाट बालबालिका यौन शोषणमा समेत परेको देखाएको छ।

सन् २०२० मा सो संस्थाले नेपालको सातै प्रदेशमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी गरेको अध्ययनमा बालबालिका तथा नवयुवाविरुद्ध हुने अनलाइन यौन शोषणका घटनाहरू कम्प्युटर र साइबरको अवास्तविक दुनियाँलाई छिचोलेर प्रत्यक्ष भेटघाट र यौन शोषणसम्म विस्तार भएको पाइएको छ। यसरी यौन शोषणमा पर्नेहरूमा बालिका/किशोरीभन्दा झण्डै दोब्बर सङ्ख्यामा बालक/किशोरहरू रहेको देखाएको छ।

नौदेखि १९ वर्ष उमेर समूहका एक हजार ७१४ जना बालबालिका तथा किशोरकिशोरीहरूबीच गरिएको थुप्रै बालबालिकालाई अनलाइन यौन शोषणमा परेपछि विद्यालय छोड्न बाध्य गरेको र उनीहरूको दैनिक जीवनमा समेत असर परेको छ। अनलाइनमा नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब झेल्नेहरूमा केटीहरूको तुलनामा केटाहरूको सङ्ख्या अधिक रहेको पाइएको सिविनका कार्यकारी निर्देशक सिम्नीमा तुलाधरले जानकारी दिए।

> *साइबर बुलिङको घटना सबैभन्दा बढी वाग्मती प्रदेशको काठमाडौं र मकवानपुरमा (२७ प्रतिशत) रहेको पाइएको छ भने दोस्रोमा प्रदेश २ को धनुषा (१८ प्रतिशत) रहेको छ।*

नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब दिने वा बाध्य पार्नेहरूमा प्रेमी प्रेमिका, दौँतरी, सबैभन्दा नजीकका साथीहरू र कतिपय अवस्थामा अपरिचित व्यक्तिसमेत रहेको पाइएको छ। केही विदेशी मूलका मानिसहरू पनि त्यस्ता गतिविधिमा संलग्न भइरहेको अध्ययनले देखाएको छ।

त्यसैगरी यौन प्रेरित सामग्रीहरू पठाउने माध्यममा प्रेमिका, प्रेमी, दौँतरी र सबैभन्दा नजीकको साथीको हकमा अधिक तर सामाजिक नेटवर्किङ साइटहरू र इमेल प्रयोगमा रहेको पाइएको छ भने अपरिचित र विदेशीलाई पठाउने माध्यमका रूपमा सामाजिक नेटवकिङ साइटहरू, इमेल, अज्ञात लिङ्क र फोनसमेत प्रयोग भएको देखिएको छ। 'अनलाइनमा ६३.३६ प्रतिशत पुरुष र ३४.३५ प्रतिशत महिलाले प्रत्यक्षरूपमा क्यामेराको अगाडि नग्न देखिन बालबालिकालाई भनेका थिए, नग्न हुन दबाब दिनेहरूमा आफ्नै साथी, प्रेमिका वा प्रेमी, नातेदार, नजीकका साथी र कतिपय अपरिचितहरू पनि थिए', अध्ययन प्रतिवेदनमा भनिएको छ।

कूल उत्तरदातामध्ये, १३७ जना (७.९९ प्रतिशत) उत्तरदातालाई क्यामेराको अगाडि नग्न देखिन भनिएको थियो। यसरी नग्न बस्न दबाब खेप्ने उत्तरदातामा ५८ (६२ प्रतिशत) केटा, ४७ (३४.३१ प्रतिशत) केटी र दुईजना (१.४६ प्रतिशत) लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्ति रहेका थिए। नग्न देखिन भन्नेमा आफ्नै साथीहरू, सबैभन्दा नजीकका साथी, प्रेमिका, प्रेमी, आफन्त, केही अपरिचितहरू, विदेशी र हेरचाहकर्ताहरूसमेत रहेका छन्।

कूल उत्तरदाता एक हजार ७१४ मध्ये ४५७ जना (२६.६६ प्रतिशत) ले अनलाइनमा अपरिचित व्यक्तिलाई भेटेको पाइएको छ। यसरी अपरिचित व्यक्तिलाई अनलाइन भेट्ने उत्तरदाताहरूमध्ये १६३ जनालाई छुट्टै प्रत्यक्ष भेट्न भनिएकामा १५४ (३३ प्रतिशत) जनाले भने ती अपरिचित व्यक्तिसँग भेटघाट गरेका थिए। प्रत्यक्ष भेट्न जाने सबैले कुनै न कुनै रूपका यौन शोषणको अनुभव गरेका थिए।

कूल उत्तरदातामध्ये ३४० जना (१९.८३ प्रतिशत) ले अनिच्छित अनलाइन यौन शोषण भोगेको उल्लेख गरेका छन्। यसरी अनलाइन यौन शोषणको सामना गर्ने उत्तरदातामा केटाको सङ्ख्या केटीको तुलनामा अधिक रहेको छ। अनलाइन यौन शोषणमा परेका उत्तरदाताहरूमा ठूलो मात्रामा मानसिक असर परेको पाइएको छ। उत्तर दिने क्रममा कतिपयले आफू मानसिकरूपमा समस्यामा परेको, कतिपयले पढाइमा ध्यान दिन नसकेको र मर्न समेत तयार रहेको तथा कतिपयले लामो समयसम्म दुःखी भएको बताएका थिए।

अनलाइन यौन शोषणमा परेका ३४० उत्तरदातामध्ये ४८ (१४.१२ प्रतिशत) जनाले यौन शोषणसम्बन्धी घटना घटेपछि विद्यालय छोडेका छन्। विद्यालय छोडेकाहरूमध्ये १५ जनाले मात्र परामर्श सेवाको खोजी गरेका थिए भने ३४ जनाले आफूहरूलाई दैनिक जीवन व्यवहारमा बाधा परेको बताएका थिए। तीमध्ये नौजनाले मात्र परामर्श सेवा पाउन सकेका थिए।

अनलाइन यौन शोषणको सामना गरेका ३४० जना उत्तरदातामध्ये २३३ (६८.५३ प्रतिशत) जनाले मात्र परिवार, साथी वा प्रहरीलाई खबर गरेका थिए। त्यसैगरी सामाजिक सञ्जाल तथा सम्पर्क ब्लक गर्ने, आएका कल तथा सन्देशहरूलाई उपेक्षा गर्ने, इन्टरनेटको प्रयोग बन्द गर्ने, सिमकार्ड परिवर्तन गर्ने र सामाजिक सञ्जालमा नयाँ एकाउन्ट खोल्ने कार्य गरेको बताएका थिए।

अध्ययनमा कूल उत्तरदातामध्ये २५३ (१४.७६ प्रतिशत) जनाले आफू साइबर बुलिङको शिकार भएको बताएका थिए। उनीहरूमध्ये १७५ (१०.२१ प्रतिशत) जनाले आफ्नो बाबुआमालाई उनीहरूको इन्टरनेट बानी व्यवहार थाहा भएपछि पनि साइबर बुलिङको सामना गरेका थिए। अध्ययनअनुसार साइबर बुलिङको घटना सबैभन्दा बढी वाग्मती प्रदेशको काठमाडौं र मकवानपुरमा (२७ प्रतिशत) रहेको पाइएको छ भने दोस्रोमा प्रदेश नं २ को धनुषा (१८ प्रतिशत) रहेको छ। *रासस*

अब राष्ट्रिय ललितकला प्रदर्शनी व्यवस्थित

नारायण ढुङ्गाना / काठमाडौं

ललितकला क्षेत्रको उत्सवको रूपमा मानिने राष्ट्रिय ललितकला प्रदर्शनी यसपालिबाट व्यवस्थितरूपमा सञ्चालन गरिने भएको छ। इतिहासमै पहिलोपटक 'राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि, २०७६' लागू गरी प्रदर्शनीलाई स्वच्छ, पारदर्शी र व्यवस्थित गर्न लागिएको हो।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (नाफा) का कुलपति कान्छाकुमार कर्माचार्यले अबका प्रदर्शनीहरू कार्यविधिभन्दा बाहिर गएर गर्न नपाइने जानकारी दिए। यसपालि नयाँ प्रयोग गरेर व्यवस्थित गरिएको र आगामी प्रदर्शनी पनि कर्याविधिअन्तर्गत नै रहने गरी सञ्चालन हुने उनको भनाइ छ।

नेपाली ललितकलाको संरक्षण संवर्द्धन र प्रवर्द्धनका लागि बनेको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को परिच्छेद २ को दफा ५ (ट) मा व्यवस्था भएअनुसार राष्ट्रिय ललितकला प्रदर्शनीको सञ्चालन र व्यवस्थापन गर्न बनेको नियमावली, २०६८ को नियम ५७ को अधिनमा रही कार्यविधि बनाएर लागू गरिएको हो। आगामी वैशाख २ गते सञ्चालन हुने प्रदर्शनीको आवश्यक तयारीसमेत शुरु भइसकेको कुलपति कर्माचार्य बताउँछन्। त्यसका लागि कर्माचार्यको संयोजकत्वमा ८४ सदस्यीय मूल समिति बनेको छ।

त्यस्तै कार्यकारी समिति र उपसमितिहरू गठन गरेर कार्यप्रक्रिया थालिएको छ। मङ्गलबार बसेको मूल समितिको पहिलो बैठकले उपकुलपति गोपाल चित्रकारको संयोजकत्वमा कार्यकारी समिति बनेको र त्यसको मातहतमा रहने गरी अन्य उपसमितिहरू गठन गरिएको छ। 'यसअघि चित्रहरू बुझाउनका लागि सार्वजनिक सूचना जारी गरिएको थियो मङ्गलबार भने औपचारिकरूपमा तयारी शुरु भएको छ, अब काम तीव्ररूपमा अघि बढ्छ', कर्माचार्यले भने।

गएको वर्षको प्रदर्शनी भने कोभिड-१९ का कारण प्रभावित बनेको थियो। औपचारिकरूपमा नभए पनि अनलाइन माध्यमबाट कार्यक्रम गरिएको नाफाका सदस्यसचिव विपिनकुमार घिमिरेले बताए। यसपालि भने भौतिक उपस्थितिमै र अनलाइन गरी दुवै प्रक्रियाद्वारा प्रदर्शनी गरिने जनाइएको छ। प्रदर्शनी हचुवाका भरमा नहोस्, सधैँ एकरुपता कायम होस् भनेर कार्यविधि बनाई लागू गरिएको हो। तोकिएको नियम, मापदण्ड र कार्यविधिअनुसार प्रदर्शनी सञ्चालन हुँदा यसको गरिमा बढ्ने कलाकारको विश्वास छ।

नाफाका अनुसार प्रदर्शनीलाई थप पारदर्शी बनाउँदै प्रणालीको विकास गर्न विधा प्रष्ट हुने गरी कार्यविधि बनाइएको जनाएको छ। यसपटक ग्राफिक्स कम्युनिकेशन विधा थप गरी स्पष्टरूपमा विधा तोकेको छ। सोही आधारमा हरेक वर्षको कला प्रदर्शनी सञ्चालन हुनेछ। प्रतिष्ठानले कला प्रदर्शनीमा सहभागी हुन माघ ३० गतेभित्रमा आ-आफ्ना कलाकृति बुझाउन सार्वजनिक सूचना जारी गरिएको थियो। पर्याप्त मात्रामा कलाकृति नआएपछि समयसीमा १५ दिन थपिएको कुलपति कर्माचार्यले बताए।

यसरी छुट्याइएको छ विधा

यसपालि परम्परागत चित्रकला, आधुनिक चित्रकला (समसामयिक चित्र तथा प्रिन्ट मेकिङ कला), परम्परागत मूर्तिकला, आधुनिक मूर्तिकला, लोककला (विभिन्न जातजातिका संस्कार, संस्कृति तथा भूगोलमा आधारित स्थानीयकला), हस्तकला/शिल्पकलाको विधा छुट्याइएको छ। यस्तै वास्तुकला तथा अन्य सिर्जनात्मक कलाअन्तर्गत वास्तुकला (शास्त्रीय) र अन्य सिर्जनात्मक कलातर्फ प्रतिस्थापन तथा भावभङ्गी कला, ग्राफिक्स कम्युनिकेशन (मौलिक, दृष्टान्त कला, कार्टुन, पोष्टर, डिडिटल कला) तथा सिर्जनात्मक छवि कला र सिर्जनात्मक भिडियो कला समावेश गरिएको छ।

नाफाका अनुसार प्रदर्शनका लागि एक वर्षभित्रै रचना गरिएको कलाकृति हुनुपर्ने छ। माध्यम जुनसुकै भए पनि मान्य हुने कार्यविधिमा उल्लेख छ। कलाकार भने १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने कार्यविधिमा स्पष्ट तोकिएको छ। बढीमा दुई थान कलाकृति बुझाउनुपर्ने, विधागत प्रादेशिकरूपमा पुरस्कृत गरिने, कलाकार दुई विधामा सहभागी भए पनि पुरस्कार भने एक विधामा मात्रै पाइने व्यवस्था गरिएको छ। प्रदर्शनीमा सहभागी हुने कलाकृतिको आकारसमेत तोकिएको छ। सोहीअनुसार आएका कलाकृति मात्रै मान्य हुनेछ।

यस्तो छ पुरस्कारको व्यवस्था

विधागतरूपमा राष्ट्रिय तथा विशेष पुरस्कार, प्रादेशिक पुरस्कार वितरण गरिने छ। चित्रकलातर्फ आधुनिक र परम्परागतमा एक/एक जनालाई राष्ट्रिय र दुई/दुई जनालाई विशेष पुरस्कार प्रदान गरिने छ।

मूर्तिकलातर्फ (परम्परागत र आधुनिक) मा तथा हस्तकला/शिल्पकला एवं लोककलातर्फ पनि सोहीअनुसार विधागतरूपमा नै पुरस्कार प्रदान गरिने छ तर तोकिएको विधागतमा भने कम्तीमा पाँच कलाकारको सहभागिता अनिवार्य गरिएको छ।

वास्तुकला तथा अन्य सिर्जनात्मक कलातर्फ दुई जनालाई राष्ट्रिय ललितकला पुरस्कार र चार जनालाई विशेष पुरस्कार प्रदान गरिने छ। यस्तै राष्ट्रिय ललितकला लेखन पुरस्कार, राष्ट्रिय ललितकला पत्रकारिता पुरस्कार तथा प्रादेशिक पुरस्कारसमेत वितरण हुनेछ। *रासस*

फेरि पश्चिमी वायुको प्रभाव :
वर्षाको सम्भावना कमै

टुडे एक्सप्रेस / काठमाडौं

पश्चिमी वायुको प्रभावले बुधवार देशभर आंशिकदेखि सामान्य बदली हुने भएको छ। हिजो बेलुकादेखि देशको पश्चिमी भू-भाग हुँदै प्रवेश गरेको वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भू-भागका केही स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भू-भागमा हल्का हिमपातको सम्भावना रहको बताइएको छ।

यस प्रणालीको प्रभावले वर्षाको सम्भावना भने कमै रहेको मौसमविद् निराजन सापकोटाले बताए। 'उक्त प्रणालीमा जलवाष्पयुक्त हावा कम भएकाले वर्षा हुने सम्भावना कम रहेको हो,' उनले भने, 'हिउँद याममा १४ मिलिलिटर वर्षा हुनुपर्नेमा हालसम्म १.३ मिलिलिटर मात्र वर्षा भएको छ।' यसअघि गत बिहिबारदेखि शनिबारसम्म प्रभाव रहेको पश्चिमी वायु त्यति शक्तिशाली नभएकाले कमजोर किसिमको मौसमी प्रणाली बुधवार साँझबाटै हटेको महाशाखाका वरिष्ठ मौसमविद सापकोटाले बताए।

मौसमविद्का अनुसार अझै केही दिन ठूलो वर्षाको सम्भावना रहेको छैन्। सो प्रणालीको प्रभाव साँझपखबाट हटेर जाने विभागले जनाएको छ। उच्च पहाडी तथा हिमाली भू-भागमा हल्कादेखि मध्यम हिमपातको सम्भावना र तराईका केही भू-भागमा बिहानपख हुस्सु/कुहिरो लाग्न सक्ने हुँदा चिसो अझै रहिरहने देखिएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ।

हाल देशको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, प्रदेश नं १ तथा वाग्मती प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहेको छ। दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भू-भागमा थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहनुका साथै हिमाली भू-भागका हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ। राजधानी काठमाडौंको उत्तरी क्षेत्रमा साँझपख हल्का वर्षाको सम्भावना रहेको मौसमविद सापकोटाले बताए।

रातिको समयमा बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं २ र प्रदेश नं १ मा आंशिक देखि सामान्य बदली रही बाँकी भेगमा आंशिक बदली रहनेछ। बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं का पहाडी भेगका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। भोलि बिहीबार पहाडी भूभागमा आंशिक बदली रही बाँकी भेगमा मौसम सफा रहने छ। माघ ३० गते शुक्रबार पनि देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपातको सम्भावना रहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बुधवार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम तीन दशमलव सात डिग्री र अधिकतम तापक्रम २३ दशमलव दुई डिग्री सेल्सियस रहेको थियो। त्यस्तै बुधवार सबैभन्दा कम जिरीको न्यूनतम तापक्रम माइनस शून्य दशमलव ६ डिग्री र सबैभन्दा धेरै धरानको न्यूनतम तापक्रम १२ दशमलव २ डिग्री सेल्सियस रहेको थियो।

ट्रायल उत्तीर्ण गरेको डेढ वर्षभित्र राजश्व

टुडे एक्सप्रेस / काठमाडौं

यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्ण गरेको डेढ वर्षभित्र राजश्व तिर्नुपर्ने व्यवस्था गरेको छ। यसअघि सेवाग्राहीले प्रयोगात्मक परीक्षा पास गरेको एक वर्षभित्र राजश्व तिर्नुपर्ने व्यवस्था भएकामा सेवाग्राहीलाई सहज हुने गरी नयाँ व्यवस्था गरिएको हो।

गत आर्थिक वर्षमा प्रयोगात्मक परीक्षा पास गरेका सेवाग्राहीले कोभिड-१९ का कारणले राजश्व तिर्न नपाएकाले अवधि अहिलेका लागि बढाइएको विभागका निर्देशक रामचन्द्र पौडेलले बताए। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा संशोधन गरी सो व्यवस्था गरिएको हो। उनले भने, 'धेरै सेवाग्राहीले कोभिडका कारणले राजश्व तिर्न नपाएको भनी गुनासो आएकाले अवधि बढाएको हो।'

कोभिडका कारण तोकिएको अवधिमा सेवाग्राहीले राजश्व बुझाउन नसकेकाले हालका लागि सो व्यवस्था गरिएको भए पनि पछिसम्म सोही व्यवस्थाले निरन्तरता नपाउन सक्ने निर्देशक पौडेलको भनाइ छ। चालक अनुमतिपत्रका लागि परीक्षा सञ्चालन र अनुमतिपत्र वितरण, नवीकरण प्रदेश सरकारअन्तर्गत यातायात कार्यालयले गरिरहेका छन्। अनुमतिपत्रको सर्भरको काम र छपाइको काम विभागले गरिरहेको छ। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण नेपालमा पनि देखिन थालेको थियो।

नेपालमा दोस्रो सङ्क्रमित भेटिएसँगै सरकारले लागू गरेको बन्दाबन्दीका कारण देशभरका सबै सरकारी कार्यालयसँगै यातायात व्यवस्था कार्यालय पनि बन्द भएका थिए। कोभिड-१९ बाट सुरक्षित हुँदै असारदेखि कार्यालय खुले पनि नयाँ चालक अनुमतिपत्र सेवा अवरुद्ध थियो। कार्यालयले चालक अनुमतिपत्र वितरण र नवीकरण जारी राखे पनि कार्यालयमा भीड हुने जनाउँदै नयाँ अनुमतिपत्र सेवा अवरुद्ध गरेको थियो। प्रदेश सरकारअन्तर्गत रहेका कार्यालय र सङ्घीय सरकारअन्तर्गतको विभागबीचको समन्वयमा नै गत पुसदेखि नयाँ अनुमतिपत्र खुलाइएको थियो।

संविधानानुसार यातायातसम्बन्धी जिम्मेवारी सङ्घ र प्रदेशमा बाँडिएपछि कार्यालयहरू नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो। काठमाडौं उपत्यकामा वाग्मती प्रदेश सरकारले एकान्तकुनासँगै चाबहिल, सानो भर्‍याङ र जगातीमा कार्यालय राखेको छ।

ट्रम्प महाभियोग :

मिथक कि वास्तविकता ?



बीबीसी

अमेरिकी सिनेटले पूर्वराष्ट्रपति डोनल्ड ट्रम्पविरुद्ध महाभियोगबारे सुनुवाइ गर्नु संवैधानिक रहेको भन्दै मतदान गरेको छ। सिनेटमा भएको मतदानमा पक्षमा ५६ मत खसेको थियो भने विपक्षमा ४४ जनाले मत दिएका थिए।

यसको अर्थ निवर्तमान राष्ट्रपति ट्रम्पविरुद्ध दोस्रो महाभियोगबारे सुनुवाइले निरन्तरता पाउनेछ। सुनुवाइ जारी राख्नुपर्ने पक्षमा छजना रिपब्लिकनले पनि मतदान गरेका थिए।

सामान्य बहुमत

सुनुवाइ प्रक्रियालाई निरन्तरता दिनका निम्ति सामान्य बहुमत चाहिएको थियो। गत महिना हाउस अफ रेप्रेजेन्टेटिभ्सले दोस्रो पटक ट्रम्पमाथि महाभियोग लगाएको थियो।

हिंसात्मक दङ्गा शुरू हुनुअगाडि आफ्ना समर्थकहरूलाई “उक्साएको“ उनीमाथि आरोप छ। ट्रम्पले महाभियोगसम्बन्धी सुनुवाइमा बयान दिन नजाने बताउँदै आएका छन्।

उनका समर्थकहरूले क्यापिटल भवनमाथि आक्रमण गर्दा एक प्रहरी अधिकारीसहित पाँच जनाको मृत्यु भएको थियो भने संसद् भवनभित्र रहेका सांसदहरू लुक्नुपरेको थियो। अमेरिकी इतिहासमा दुई पटक महाभियोग लगाइएका ट्रम्प पहिलो राष्ट्रपति हुन्। त्यसैगरी अमेरिकामा महाभियोग लगाइएका कुल तीनमध्ये एक राष्ट्रपति पनि उनी हुन्।

‘राजनीतिक अस्त्र’

ट्रम्पका वकिलहरूले संसद् भवनमाथि आक्रमणका लागि उनले नउक्साएको दाबी गरेका छन्। उनीहरूमध्ये एक डेविड सोनले त्यसको आलोचना गर्दै महाभियोग प्रक्रियालाई ‘राजनीतिक अस्त्र’ बनाइएको दाबी गरे। बुधवारबाट सुनुवाइले फेरि निरन्तरता पाउनेछ। ट्रम्पका वकिलहरूले उनीविरुद्ध सुनुवाइ गर्न खोज्नु असंवैधानिक भएको पनि दाबी गर्दै आएका छन्। उनी अहिले पदमा नरहेको र आमनागरिक भइसकेको वकिलहरूको तर्क छ।

पछिल्लो राष्ट्रपतीय चुनावयता थप अमेरिकीहरूलाई कट्टरपन्थतर्फ डोर्‍याइएको भन्दै विज्ञहरूले राजनीतिक हिंसाको जोखिम बढ्न सक्ने चेतावनी दिएका छन्। एक महिना लामो खोजबिनपछि संसद् भवनमाथि आक्रमण गरेको आरोपमा २२१ जनाविरुद्ध अभियोग दायर गरिएको विवरणहरूमा जनाइएको छ।

शताब्दिकै उत्कृष्ट प्रदर्शन :

सुआरेजले तोडे रोनाल्डोको रेकर्ड

टुडे एक्सप्रेस

उरुग्वेका एट्लेटिको स्टार लुइस सुआरेजले युभेन्टसका क्रिस्टियानो रोनाल्डोको कीर्तिमान भंग गरेका छन्। उनी यो शताब्दीमा कुनै क्लबका लागि स्पेनिस लालिगामा सर्वाधिक चाँडो १६ गोल गर्ने खेलाडी बनेका हुन्।

यसअघि यो रेकर्ड क्रिश्टियानो रोनाल्डोका नाममा रहेको थियो। उनले २००९/१० मा रियल म्याड्रिडका लागि १७ खेलमा १५ गोल गरेका थिए।

१७ खेलमा १६ गोल

सुआरेज यो सिजनमात्र बार्सिलोनाबाट फ्री ट्रान्सफरबाट एट्लेटिको म्याड्रिड आएका थिए। आएदेखि नै उनको उत्कृष्ट फर्म जारी छ। उनले नयाँ क्लबका लागि १७ खेलमा १६ गोल गरिसकेका छन्। मंगलबार पनि उनले सेल्टाविरुद्ध २-२ को बराबरीमा दुवै गोल आफ्नो नाममा पार्न सफल भए।

उनी जारी सिजन सर्वाधिक गोल गर्ने खेलाडीको शीर्ष स्थानमा समेत छन्। सुआरेजले १६ गोल गर्दा युसफ एन नेसिरी र लियोनेल मेसीले समान १३ गोल गरेका छन्।

२००९ मा रोनाल्डोको १५ गोल

सुआरेज अघि रोनाल्डोले २००९ मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड छोडेर रियल म्याड्रिडमा आबद्ध भएका थिए। सोही समयमा उनले यो उपलब्धि हासिल गरेका थिए। सुआरेज भने २०१४ मा बार्सिलोना आएका थिए। उनले २८३ खेलमा १९५ गोल गरेका थिए। उनी क्लबका तेस्रो सर्वाधिक गोलकर्ता हुन्।

सुआरेज कोम्यानको सिकार

२०२० मा बार्सिलोनाका प्रशिक्षक रहेका रोनाल्ड कोम्यानले बार्सिलोनाको प्रशिक्षकको जिम्मेवारी समालेका थिए। उनले टिमबाट सुआरेजलाई बाहिर राखेपछि उनी एट्लेटिको म्याड्रिड लागेका हुन्।

सुआरेजले अहिलेसम्म करिअरमा ६ क्लबका लागि खेलिसकेका छन्। उनले कुल ४१९ क्बल खेलबाट २३७ गोल गरेका छन्। उरुग्वेका लागि उनले ११६ खेलबाट ६३ गोल सम्भव बनाएका छन्। सुआरेजले बार्सिलोनाका लागि नै सर्वाधिक गोल गरेका छन्।

महिला राष्ट्रिय लिग फुटबल

चन्द्रपुर नगरपालिका पराजित

टुडे एक्सप्रेस

महिला राष्ट्रिय लिग फुटबलअन्तर्गत बुधबार भएको खेलमा शसस्त्र प्रहरी बल-एपीएफ क्लबले रौतहटको चन्द्रपुर नगरपालिकालाई ८-० गोलले हराएको छ।

सातदोबाटोस्थित एन्फा मैदानमा भएको खेलमा एपीएफका लागि सावित्रा भण्डारी एक्लैले ६ गोल गरिन्। दुई गोल कप्तान अनिता बस्नेतको नाममा रह्यो। सावित्राले पछिल्ला तीन खेलमा एक्लैले २६ गोल गरेकी छिन्।

यसअघिका अघिल्ला दुई खेलमा उनले क्रमश १२ गोल र ८ गोल गरेकी थिइन्। प्रतियोगितामा सावित्राले ८ खेलमा ३८ गोल गरेकी छिन्। ८ खेलबाट २४ अंक भएको एपीएफको उपाधि जित्ने सम्भावना बलियो बन्दै गएको छ।

८ खेलबाट १९ अंक भएको त्रिभुवन आर्मी क्लब दोस्रो स्थानमा छ। एपीएफले प्रतियोगितामा एक गोल पनि ब्यहोरेको छैन।

बेइजिङ नगर

कोरोनाको उच्च र मध्यम जोखिमका रुपमा छुट्याइयो

रासस / सिन्ह्वा

चीन सरकारका स्वास्थ्य अधिकारीहरूले यहाँको राजधानी शहर बेइजिङका कतिपय नगरलाई उच्च तथा मध्यमखालको जोखिमयुक्त नगरका रुपमा विभाजन गरिएको जनाएका छन्। सो कुराको जानकारी बेइजिङका अधिकारीले मंगलबार पत्रकार सम्मेलन गरेर दिएका प्राप्त समाचारमा जनाइएको छ।

मंगलबार दिइएको सो जानकारीअनुसार बेइजिङको रोङघुई भन्ने नगरलाई यसअघि उच्च जोखिम भएको नगरका रुपमा राखिएकोमा मंगलबार त्यसलाई पनि न्यून जोखिमयुक्त नगरका रुपमा राखिएको छ।

मानिसका ठूलो बस्ती रहेका यहाँका अरु नगर भने यसअघि नै कम जोखिमयुक्त बस्ती तथा नगरका रुपमा लिइएको छ।

यहाँका अधिकारीले नागरिकको बस्ती तथा नगरको घनत्व पनि हेरेर त्यहाँ महामारीको के कस्तो अवस्था छ भन्ने बारेमा अनुसन्धान गरिरहेका छन्। यदि उच्च जोखिमयुक्त अवस्थामा ती बस्ती र नगर रहेको अवस्थामा भने सफा गर्ने, स्यानिटाइज गर्ने र नागरिकलाई सतर्क रहन आग्रह गर्ने गरिएको छ।

ट्वीटरको आम्दानीमा आक्रामक वृद्धि

टुडे एक्सप्रेस

सामाजिक सञ्जाल ट्वीटरले सन् २०२० को अन्तिम त्रैमासिकमा कीर्तिमानी मात्रामा आय गर्न सफल भएको छ।

आफ्नो प्लाटफर्मका लागि वर्ष २०२० अति उत्कृष्ट रहेको कार्यकारी प्रमुख ज्याक डोर्सीले बताएका छन्। सन् २०१९ को अन्तिम त्रैमासिकमा भन्दा २०२० को अन्तिम त्रैमासिकमा २८ प्रतिशत आय वृद्धि भएको ट्वीटरले जनाएको छ।

ट्वीटरले अन्तिम त्रैमासिकमा १.२९ ट्रिलियन अमेरिकी डलर आय गरेको हो। गएको जनवरीमा ट्वीटरले तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई प्रतिबन्ध लगाएको थियो। त्यसको प्रभाव यो वर्षको पहिलो त्रैमासिकमा पर्ने सम्भावना रहेको विश्लेषकले बताएका छन्।

ट्वीटरले जनवरी ८ मा अमेरिकी पूर्व राष्ट्रपति ट्रम्पमाथि स्थायी रुपमा प्रतिबन्ध लगाएको थियो। यसको प्रभाव ट्वीटरलाई हालको त्रैमासिकमा पर्ने बताइन्छ। तर ट्वीटरका ८० प्रतिशत प्रयोगकर्ता अमेरिका भन्दा बाहिर छन्।

टाइ नलगाएका सांसदलाई संसदबाट निकालियो

टुडे एक्सप्रेस

टाइ नलगाएका कारण न्यूजिल्याण्डमा एक सांसदलाई संसदबाट बाहिर निकालिएको छ। माओरी पार्टीका नेता तथा सांसद राविरी वेइतितीले आफ्नो सांस्कृतिक मूल्यसँग मेल नखाने भन्दै टाइ लगाउन अस्वीकार गरेका हुन्।

न्यूजिल्याण्डमा पुरुष सांसदहरूले संसदमा हुने बहसको क्रममा टाइ लगाए मात्रै प्रश्न गर्न पाउँछन्। सांसद राविरीले टाइ नलगाई प्रश्न गर्ने प्रयास गर्दा सभामुख ट्रोभोर मालार्डले दुईपटक रोकेका थिए। तर उनले आफ्नो कुरा जारी राखे त्यसपछि सभामुख मालार्डले चेम्बरबाट बाहिर निकाल्न आदेश दिएका हुन्।

चेम्बरबाट बाहिरिने क्रममा सांसद राविरीले ‘यो टाइको होइन, सांस्कृतिक पहिचानको विषय हो साथीहरू’ भनेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। उनले टाइलाई ‘उपनिवेशको नाक’ भनेका छन्। राविरीले आफूमाथि भएको व्यवहार अनुचित रहेको बताएका छन्।

प्रधानमन्त्री ज्यासिन्डा आर्ड्डनले टाइ लगाउन अस्वीकार गर्ने व्यक्तिहरूको विपक्षमा आफू नरहेको तर अहिले त्यो भन्दा गम्भीर विषयमा ध्यान केन्द्रित गर्नु पर्ने बताएकी छन्।

बेलायतमा एकैदिन कोरोनाबाट एक हजार बढीको मृत्यु

रासस / सिन्ह्वा

बेलायतमा केही महिना अघिदेखि शुरु भएको कोरोना भइरसको दोस्रो लहर तथा पछिल्ला केही हप्तामा देखिएको कोरोनाको नयाँ स्वरुपको भाइरसपछि मृत्यु हुनेको संख्यामा कमी आएको छैन। यहाँ यो भाइरसबाट मृत्यु हुनेको संख्या करिब सात माहिना पछिकै धेरै देखिन थालेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ।

बेलायतको ‘डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोशल केयर’ ले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार गएको २४ घन्टामा थप एक हजार ५२ जना कोरोना संक्रमितको मृत्यु भएको छ। योसँगै बेलायतमा कोरोनाका कारण ज्यान गुमाउनेको संख्या एक लाख १३ हजार ८५० जना पुगेको पनि बताइएको छ। यहाँ अहिले पनि सङ्क्रमणको संख्या बढीरहेका समाचार आइरहेका छन्। मृतक तथा कोरोना सङ्क्रमितको संख्या पहिलेका तुलनामा केही कमी देखिएको भए पनि उल्लेखनीयरुपमा कमी आउन भने सकेको छैन। यहाँ नयाँ स्वरुपको भाइरसको सङ्क्रमण शुरु भएको केही हप्ता अघिको तुलनामा सङ्क्रमित संख्या कम देखिए पनि उल्लेख्यरुपमा कमी आउन भने सकेको छैन।

यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टामा १२ हजार ३६४ जना सङ्क्रमित थपिएका छन्। यहाँको सरकारी तथ्याङ्कमा उल्लेख भएअनुसार योसँगै बेलायतमा यो भाइरसबाट संक्रमित हुनेको संख्या ३९ लाख ७२ हजार १४८ जना रहेको छ। यसैगरी बेलायतबाट प्राप्त भएको अर्को एक समाचारमा बेलातमा मंगलबारसम्मको तथ्यांकमा यहाँका एक करोड २० लाखभन्दा बढी नागरिकलाई कोरोना भाइरस विरुद्धको खोप दिइएको छ।

म्यानमारमा सैन्य कू विरुद्ध प्रदर्शन प्रहरीको गोली लागेर महिला गम्भीर

रासस / सिन्ह्वा

म्यान्मारमा गत साता भएको सैन्य कूको विरोधमा दशौं हजार मानिसले विरोध जारी राखेका छन्। यसैक्रममा मंगलबार एक महिला गम्भीर घाइते भएकी बताइएको छ।

प्रदर्शनकारीलाई तितरबितर पार्न प्रहरीले पानीको फोहोरा, रबरको गोली र गोली प्रहार गरेको थियो। मानवाधिकारवादी समूहका अनुसार घाइते भएका ती महिलाको टाउकोमा गोली लागेको छ। प्रहरीले बल प्रयोग गर्दा प्रदर्शनकारी घाइते भएका विवरण प्राप्त भएका छन। तर कसैको मृत्यु भएको छैन। बुधवार बिहान पुनःविरोध प्रदर्शन सुरु भएको र राजधानीमा आयोजित पाँचौं दिनको प्रदर्शनमा सरकारी कर्मचारी पनि सहभागी भएका छन।

यसैबीच म्यान्मारको सेनाले नेत्री आङ सान सुकीको पार्टी नेसनल लीग फर डेमोक्रेसीको याङ्गुनस्थित मुख्य कार्यालयमा छापा मारेर तहसनहस पारिदिएको उक्त दलले दाबी गरेको छ। मङ्गलवार राति सुरक्षाकमी उक्त कार्यालयको ढोका फोरेरभित्र छिरेर तहसनहस गरेको जानकारी दिइएको छ। पार्टीको कार्यालय तहसनहस पारिदिएको यस अवस्थामा कोही कार्यकर्ता भने नभएका जनाइएको छ।

सेनाले जारी गरेको रात्रिकालीन कर्फ्यूका बेला छापा मारेको बताइएको छ। अहिले म्यान्मारमा राति ८ बजेदेखि बिहान ०४ बजेसम्म देशभरि निशेधाज्ञा लागु गरिएको छ।

छापावाल सुन प्रति तोला
रु.९१,९००/-

तेजावी सुन प्रति तोला
रु.९१,४००/-

चाँदी प्रति तोला
रु.१,३४०/-

सुन्तला उत्पादनमा वृद्धि

हरिकुमार राई / उदयपुर

जिल्लामा यस वर्ष सुन्तलाको उत्पादनमा वृद्धि भएको छ। वर्षेनी व्यावसायिक रुपमा उत्पादन हुँदै आएको सुन्तला यस वर्ष गत वर्ष भन्दा वृद्धि भएर छ हजार ५०० मेट्रिक टन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

ज्ञान केन्द्रका अनुसार गत वर्ष यहाँको पहाडी क्षेत्रमा कूल पाँच हजार २४६ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो भने यस वर्ष अनुकूल हावापानीले गर्दा उत्पादन वृद्धि भएर छ हजार ५०० मेट्रिक टन सुन्तला उत्पादन हुन पुगेको प्राविधिक अधिकृत अम्बिका भट्टराईले बताए। यस वर्ष जिल्लामा रु १५ करोड भन्दा बढी मूल्यको सुन्तला उत्पादन हुन पुगेको ताप्ली गाउँपालिका ओख्लेका सुन्तला उत्पादक कृषक तथा सुन्तला जोनका संयोजक तोपबहादुर ठकुरी बताउँछन्।

कृषि ज्ञान केन्द्रका प्रमुख प्रकाश विश्वकर्माका अनुसार तीन वर्षदेखि यहाँको पहाडी क्षेत्रका चार गाउँपालिकामा प्रधानमन्त्री कृषि कार्यक्रमअन्तर्गत सुन्तला जोन घोषणा गरेर वर्षेनी सुन्तला खेती विस्तार हुँदै गएपछि अहिलेसम्ममा आइपुग्दा जिल्लामा एक हजार १५५ हेक्टर क्षेत्रफलमा विस्तार हुन पुगेको हो। गत वर्ष एक हजार ५५ हेक्टर क्षेत्रफलमा मात्र सुन्तला खेती भएको थियो भने यस वर्ष १०० हेक्टर क्षेत्रफल वृद्धि भएको छ।

जिल्लामा २०५५ साल भन्दा अगाडि परम्परागत सुन्तला खेती हुने गरेको र पहाडी क्षेत्रका केही स्थानमा ५० हेक्टर क्षेत्रफलमा मात्र सुन्तला खेती हुने गरेको थियो। विसं २०५८ देखि व्यावसायिक रुपमा सुन्तला खेती विस्तार हुँदै २०६४ सालमा आइपुग्दा जिल्लामा ३०० हेक्टर क्षेत्रफलमा विस्तार भई हाल एक हजार १५५ हेक्टर जग्गामा खेती भइरहेको सुन्तला जोनका प्राविधिक नरनाथ रेग्मीले जानकारी दिए।

अहिले जिल्लाका ताप्ली गाउँपालिकाका ओख्ले, पिपल न्ज्याङ, रुपाटार, तावाश्री, मादले, इनामे क्षेत्र सुन्तला जोन क्षेत्रका रुपमा घोषणा गरिएको छ। सो क्षेत्र सुन्तला उत्पादन हुने क्षेत्रका रुपमा परिभाषित गरिएकाले नै सुन्तला जोन भएको कृषक ठकुरीले बताए।

यस्तै जिल्लाको मध्यपहाडी क्षेत्रका उदयपुरगढी गाउँपालिकाका उदयपुर गढी, डुम्रे, तथा रौतामाई गाउँपालिकाका रौता, नामेटार, बोलुङ्खा, पोखरे, आँपटार, पाँबु, कोप्चे, आहाले, सल्ले, रामेटार क्षेत्र जिल्लाको दोस्रो धेरै सुन्तला उत्पादन हुने क्षेत्रका रुपमा परिचत रहेको कृषि ज्ञान केन्द्रका कर्मचारी बताउँछन्।

यता जिल्लाको उत्तरी पहाडी क्षेत्रका लिम्चुङबुङ गाउँपालिकाका बलाम्ता, बराह, जाँते, ताम्लीछा, छताङ र ठानागाउँ क्षेत्र जिल्लाको तेस्रो सुन्तला उत्पादन हुने सुन्तला जोनका रुपमा रहेको बताइएको छ। यी क्षेत्रबाहेक त्रियुगा नगरपालिकाका साउने र खाँबु, चौदण्डीगढी नगरपालिकाको चौदण्डी गढी क्षेत्रमा समेत केही वर्षयता आएर व्यापक सुन्तलाखेती विस्तार भएको पाइएको छ।

अहिलेको गतिमा नै सुन्तलाखेती विस्तार हुँदै गए अबको सात वर्षसम्ममा उदयपुरमा वार्षिक रु ५० करोड भन्दा माथिको सुन्तला उत्पादन हुनसक्ने ज्ञानकेन्द्रका कर्मचारी बताउँछन्। अहिले यहाँका सुन्तला जोनका व्यावसायिक सुन्तला उत्पादक कृषकले अधिकतम एक कृषकले वार्षिक रु ५० हजारदेखि रु १० लाखसम्म सुन्तला उत्पादन गरेर बिक्री गर्न थालेका बताइएको छ।

सडक निर्माणमा महिला : कैलालीको जानकी गाउँपालिका-३ का महिला सडक मर्मत गर्दै। आफ्नो गाउँ आफैँ बनाऔँ भनी स्थानीय १०० जना महिला सडक निर्माणमा जुटेका छन्। तस्वीर : दुर्गा देवकोटा, रासस

खुर्कोट-दाना प्रसारण लाइन :
बागलुङलाई फाइदै फाइदा

खेमराज गौतम / गलकोट

कालीगण्डकी करिडोर प्रसारण लाइन आयोजना अन्तर्गत २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइन र सबस्टेशन तयार भएको छ। केन्द्रीय प्रसारण लाइनमा जोडिएको उक्त सबस्टेशनले दूरदराजमा उत्पादन भएको विद्युत्लाई केन्द्रिकृत गर्ने जनाएको छ।

दूरदराजमा उत्पादन भइरहेका ठूला आयोजनाको विद्युत् खेर गइरहेको सन्दर्भमा करिडोर प्रसारण लाइन निर्माण भएर केन्द्रीय प्रसारण लाइनमा जोडिएपछि विद्युत् क्षेत्रमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरिएको छ। पर्वत जिल्ला र म्याग्दी जिल्लामा प्रसारण लाइन तथा सबस्टेशन निर्माण भए पनि बागलुङले समेत यसको प्रत्यक्ष लाभ लिन सक्ने भएको छ।

नेपाल विद्युत् प्राधिकरणले एशियाली विकास बैंकको सहयोगमा सन् २०१६ मे ३० मा दाना-खुर्कोट प्रसारण लाइन आयोजना निर्माण शुरु गरेको थियो। खोला नदीबाट विद्युत् उत्पादन गरेर मात्रै हुँदैन। उत्पादित विद्युत्को यथेष्ट प्रयोग माग र आपूर्तिका आधारमा सम्बन्धित क्षेत्रमा पुर्‍याउन जरुरी हुन्छ। यसका लागि एक स्थानमा उत्पादन भएको विद्युत् अर्को स्थानमा खपत गर्न सकिने अवसरका लागि केन्द्रीय प्रसारण लाइन र सब-स्टेशन निर्माण गर्नुपर्दछ।

दाना-खुर्कोट प्रसारण लाइन र सबस्टेशन निर्माणपछि धौलागिरिको उद्योग व्यवसायमा समेत सकारात्मक टेवा पुग्ने आशा गरिएको छ। हालसम्म औद्योगिक ग्राम तथा ठूला उद्योगहरू साविक धौलागिरिका चार जिल्लामा छैनन्। अब ठूला उद्योगहरू सञ्चालनमा समेत यसले प्रोत्साहित गर्नेछ। उक्त प्रसारण लाइनले धौलागिरिमा मोदी खोला हुँदै विद्युत् भित्र्याउँदै आएकोमा यसलाई प्रतिस्थापन गरी धौलागिरिको विद्युत् बाहिर पठाउँदै जाने विद्युत् प्राधिकरणले जनाएको छ।

दाना सबस्टेशनबाट मुस्ताङ जिल्लाको फिडर जोडिएका कारण अब मुस्ताङ जिल्लामा विद्युत्मा समस्या हुँदा बागलुङमा कुनै अवरोध नआउने नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख इञ्जिनीयर शिवनारायण गोशालीले जानकारी दिए। उनका अनुसार बागलुङलाई अहिलेदेखि पछि दीर्घकालसम्मका लागि खुर्कोट-दाना सबस्टेशनले फाइदा पुर्‍याउनेछ।

‘प्रसारण लाइन र सबस्टेशन बागलुङ जिल्ला बाहिर निर्माण भए पनि नजिकै भएकाले बागलुङले समेत फाइदा लिने सुविधा छ’, केन्द्र प्रमुख गोशालीले भने, ‘एउटै फेडरमा धौलागिरिका चार जिल्ला जोडिएका कारण अन्य जिल्लाको समस्याले बागलुङमा विद्युत् जाने समस्या हुन्थ्यो तर मुस्ताङ नयाँ प्रसारण लाइनमा जोडिएको छ, अब यसबाट बागलुङमा अनियमित विद्युत्को समस्या केही कम हुनेछ।’

अहिले मुस्ताङमा उत्पादन भएको थापाखोला जलविद्युत् आयोजनाले उत्पादन गरेको १३.४ र म्याग्दीको घलेम्दी जलविद्युत आयोजनाको पाँच मेगावाट विद्युत् करिडोर प्रसारण लाइनले छोएको दाना सब-स्टेशनबाट जोडिएको छ। केन्द्रीय प्रसारण लाइनमा दाना नपुग्दासम्म मुस्ताङको थापाखोला जलविद्युत् आयोजना आधा क्षमतामा मात्रै चल्दै आएको थियो। अहिले केन्द्रीय प्रसारण लाइनमा जोडिँदा पूरा क्षमतामा आयोजना चल्न शुरु गरेको छ। बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङमा उत्पादन भएको विद्युत् खुर्कोट सबस्टेशनमार्फत वितरण हुनेछ।

अहिले बागलुङमा मोदी सबस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको थियो, जुन निर्विकल्प थियो तर नयाँ प्रसारण लाइन तथा खुर्कोट सबस्टेशन बनेपछि बागलुङमा छुट्टै फिडर निकाल्न सकिनेछ। कालीगण्डकी करिडोर प्रसारण लाइन आयोजनाअन्तर्गत २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइन र सबस्टेशन तयार भएपछि बागलुङमा छुट्टै फिडर ल्याउने विकल्प तयार भएको छ।

यदि जिल्लाका लागि छुट्टै फिडरको व्यवस्था गर्न सकिए विद्यमान अनियमित विद्युत् कटौतीको समस्या ९० प्रतिशत कम भएर जाने नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख गोशालीले बताउनुहुन्छ। पहिला चार जिल्ला एउटै फिडरमा चल्दा एक स्थानमा विद्युत् जाँदा चार जिल्लानै अन्धकार हुन्थ्यो तर अब मुस्ताङ छुट्टै फिडरमा गयो। अन्य जिल्लामा समस्या आउँदा बागलुङमा विद्युत् जाने समस्या छ।

झण्डै रु २५ करोड खर्चेर खुर्कोट सबस्टेशनदेखि ५०० मिटरको दूरीमा रहेको बागलुङ आउने प्रसारण लाइनमा जोड्न सके अनियमित विद्युत् हटेर जाने गोशालीको भनाई छ। ‘करिब रु २५ करोड लाग्ला, खुर्कोट सबस्टेशन नजिकै १३२/३३ केभीमा १० देखि २० एमभिए ट्रान्सफर्मर राखेर सिधै बागलुङ जोड्न सकिन्छ भने म्याग्दी पनि त्यसैगरी जोड्न सके धौलागिरिका चार जिल्लाकै अनियमित विद्युत् कटौतीको समस्या हटेर जानेछ,’ गोशलीले भने, ‘धौलागिरिमा विद्युत् क्षेत्रका लागि नयाँ प्रसारण लाइन तथा सबस्टेशन कोसेढुङ्गा सावित हुनेछ।’

यस्तै कुश्मिशेरा सबस्टेशन निर्माणको क्रममा रहेकाले त्यसलाई पर्वत जिल्लाबाट जोड्न सकिनेछ। यसबाट ठेउलेखोला जलविद्युत् आयोजना समेत सबस्टेशनमा जोड्न सहज हुनेछ। बिद्युत् नियमित भए २५ प्रतिशत व्यवसाय बढ्ने होटल व्यवसायी सङ्घ गण्डकी प्रदेशका संयोजक तथा पर्यटन व्यवसायी अर्जुन चोखालको भनाइ छ। ‘निकै फाइदा हुन्छ, इन्भर्टर बिग्रेको बिग्रेकै हुन्छ, एसी मर्मत गर्न निकै खर्च लाग्छ,’ चोखालले भने, ‘नियमित विद्युत् आपूर्तिले हरेक व्यवसायलाई फाइदा पुर्‍याउँछ।’

विद्युत् आपूर्ति नियमि त भए विद्युतीय उपकरण खरिद तथा मर्मत सम्भारको रकम बचत हुनेछ। प्रसारण लाइनमा दुई ठूला आयोजना घलेम्दी र थापाखोला जलविद्युत् आयोजना जोडिएको प्रसारण आयोजनाका प्रमुख चन्दनकुमार घोषले बताए। सबस्टेशनसहित ३९.६ किलोमिटर दूरीको दाना-खद्रर्कोट प्रसारण लाइन निर्माण गर्न टाटा-चिन्ट इलेक्ट्रिक जेभीले रु दद्रई अर्ब ९० करोडमा ठेक्का लिएर काम सम्पन्न गरेको छ। *रासस*

बुढीखोलास्थित नहरको संरचना जोखिममा

टुडे एक्सप्रेस / विराटनगर

मोरङको बुढीखोलास्थित सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहर संरचना अत्यधिक जोखिममा परेको छ। बर्सेनि वर्षायाममा खोलामा आउने बाढीका कारण कटानले तीव्रता लिएपछि खोलाको पुल र नहर जोखिममा परेको आयोजनाले जनाएको छ। खोलाको पूर्व र पश्चिम तथा दक्षिणतर्फबाट तीव्रगतिमा कटान भइरहेको छ भने यसलाई बचाउन आयोजनाले नदीको पानी खस्ने ठाउँमा सिमेन्ट, कङ्क्रिट ब्लक र ढुङ्गासहितको तारजाली लगाउनुपर्ने आवश्यकता देखिएको छ। बुढीखोला नहरको संरचना १६५ मिटर लम्बाइको एक्वाडक्ट कम ब्रिज हो। खोला दिनप्रतिदिन गहिरिँदै जानाले पनि नहर संरचनाको जोखिम बढेको हो।

यदि यो संरचना नदी कटानका कारणले भत्कियो भने मोरङमा रहेका नौवटै शाखा नहरहरू छुरछुरिया, हरिनगरा, विराटनगर, वरियाती, नयाँपट्टि, आमझोडा, रञ्जनी, चिस्याङ र झमनपुरमा आश्रित कृषक सिँचाइबाट वञ्चित हुने अवस्था सिर्जना हुन्छ। तीन वर्ष पहिले मोरङको लोहन्द्राखोलास्थित नहरको संरचनालाई बाढीले बगाएपछि छ शाखामा आश्रित किसान अहिले पनि आकाशेपानीको भरमा खेती गर्न बाध्य छन्। यो संरचना बनाउन आयोजनाले रु २९ करोड ९७ लाख ५६ हजारमा ठेक्का लगाइ काम भइरहेको आयोजना प्रमुख भिलानन्द यादवले बताए।

बुढीखोलामा अहिलेको जस्तै कटान लोहन्द्राखोलामा पनि देखिएको थियो तर आवश्यक बजेट अभावमा तत्काल काम गर्न नसकिएपछि नहरको संरचनालाई बाढीले बगायो भने त्यस क्षेत्रका करिब १० हेक्टर जग्गामा धानखेतीको समयमा किसानले पानीका लागि सास्ती व्यहोर्नुपरेको प्रमुख यादवले बताए। उनले कुनै पनि समस्यालाई तत्कालै समाधानको उपाय गर्नुपर्नेमा जोड दिँदै सिँचाइजस्तो संवेदनशील क्षेत्रमा विभागले समयमै बजेट विनियोजन गरेर समस्या समाधानतर्फ लाग्नुपर्ने धारणा राखे। उनले लोहन्द्राखोलाको नहर यसै वर्ष सञ्चालन गर्न रु आठ करोड आवश्यक भन्दै अन्यथा बनेको संरचनालाई आउने बर्सातमा हुने बाढीले जोखिममा पार्न सक्ने बताए।

लोहन्द्राखोलाबाट पूर्वको बुढीखोलामा रहेको पुरानो नहरलाई बचाउन विभागले तत्काल रु एक करोड ५० लाख विनियोजन गर्नुपर्ने अयोजनाका डिभिजनल इञ्जिनीयर रमेशलाल कर्णले जानकारी दिए। उनका अनुसार बुढीखोलाको संरचनालाई जोगाउन तत्काल विभागबाट विनियोजित बजेट रु ३४ लाखको बोलपत्र आह्वान भइसकेको छ भने यस वर्षको वार्षिक स्वीकृत कार्यक्रमअनुसार रु ६२ लाख बजेट विनियोजन भई बोलपत्र आह्वान हुने अवस्थामा छ। उनले कुनै कारणले संरचना भत्किए मोरङमा सिञ्चित हुने २८ हजार अर्थात् ४२ हजार बिघा खेतमा सिँचाइ गर्न समस्या हुने बताए।

विराटनगर शाखा नहर जलउपभोक्ता समितिका अध्यक्ष वीरेन्द्र माझीले बुढीखोलाको संरचना भत्कियो भने मोरङको कुनै पनि शाखा नहरमा पानी नजाने र यसबाट किसानलाई मात्र नभई राज्यलाई पनि धेरै नोक्सानी हुने बताए। उनले विभागले समयमै यसको उपचार गर्नुपर्ने बताए। हरिनगरा शाखा नहर जलउपभोक्ता समितिका अध्यक्ष सद्रजित माझीले धेरै पहिलेदेखि नै बद्रढीखोलाको संरचना बचाउनका लागि आवाज उठाइरहे पनि विभागले ध्यान नदिएकामा दद्रःख व्यक्त गरे। उनले प्रश्न गरे, ‘अन्न उत्पादनको रूपमा चिनिने जिल्ला मोरङमा सिँचाइबिना कसरी बाली उत्पादन गर्न सकिन्छ?’

बरियाती शाखा नहर जलउपभोक्ता समितिका अध्यक्ष मोहन श्रेष्ठले दिनप्रतिदिन बुढीखोला गहिरिँदै गएको, नहरको संरचनाले पनि ५० वर्ष पार गरिसकेको उल्लेख गर्दै यसलाई बचाउनुको विकल्प नभएको बताए।

कञ्चनपुरमा विकास निर्माण :
कतै प्रक्रियाले प्रभावित, कतै ठेकेदारको लापर्वाही

शेरबहादुर सिंह / महेन्द्रनगर

कैलालीको धनगढी र कञ्चनपुरको महेन्द्रनगरसम्म सहज पहुँच हुने यहाँको दक्षिण क्षेत्रमा पर्ने डोकेबजार-बेलौरी, बेलौरी-दैजी हुलाकी सडकखण्ड चार वर्षअघि कालोपत्र गर्न ठेक्का भयो। बैसठ्ठी किलोमिटर लम्बाइको उक्त सडक तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री रमेश लेखकले कञ्चनपुरको डोकेबजारमा धुमधामका साथ निर्माणको शिलान्यास गरे। निर्माण व्यवसायीले समयमै सक्ने प्रतिबद्धतासमेत व्यक्त गरे तर ३० महिनाभित्र सक्ने गरी तीनवटा प्याकेजमा निर्माण गर्न दिइएको हुलाकी सडकको चार वर्षमा भौतिक प्रगति ७० प्रतिशत देखिए पनि सडक कालोपत्र १७ किलोमिटर मात्रै सकिएको छ।

हुलाकी राजमार्ग योजना कार्यालय कैलालीका सूचना अधिकृत इञ्जिनीयर पदमबहादुरले मडै समयमा काम नसकिनुको मुख्य दोष निर्माणको जिम्मा पाएका ठेकेदारको भएको बताए। ‘बीचमा केही समय कोरोनाका कारण काम प्रभावित भए पनि सरकारले छ महिना कामको म्याद थपेको थियो’, इञ्जिनीयर मडैले भने, ‘काममा अरु बाधा नहुँदा पनि ठेकेदारले काममा ध्यान दिएनन्।’

डोकेबजारबाट बलौरीसम्मको २० किलोमिटर र बेल्डाँडीबाट दैजीसम्मको २२ किलोमिटर हुलाकी सडक निर्माणको जिम्मा शर्मा-राजेन्द्र जेभीले पाएको थियो। अन्तिम प्याकेज (बेल्डाँडीबाट दैजीसम्म)को भाग शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्ने भएकाले रुख कटान प्रक्रियामा केही ढिलाइ भएको हो।

त्यसैगरी बीचमा पर्ने बेलौरीबाट बेल्डाँडीसम्मको २० किलोमिटर निर्माणको जिम्मा बाबा-हंश सिद्धीसाइ जेभीले पाएको भए पनि निर्माणको गति त्यहाँ पनि सन्तोषजनक छैन। रु एक अर्ब नौ करोडभन्दा बढी लागतको उक्त आयोजना समयमा सम्पन्न नहुँदा दक्षिण क्षेत्रका नागरिकले भने सास्ती खेप्नुपरेको छ।

‘पहिलो र तेस्रो प्याकेजमा छ महिना थप भएर पनि समय सकिएको छ भने बीचको प्याकेजको समय बाँकी छ,’ उनले भने, ‘अब ठेकेदार पक्षलाई समयमा काम सम्पन्न गर्न लगाएर १० प्रतिशत जरिवाना हुनसक्छ।’ त्यसैगरी पक्की पुलतर्फ नेपालकै ठूलो लगानी भएको महाकाली नदीमा निर्माणाधीन चार लेनको पुलको काम ठूला ढुङ्गा नपाएर प्रभावित छ। पुलसँगै गड्डाचौकीसम्म बन्ने छ लेनको पहुँचमार्ग कालोपत्र शुरु हुन थाले पनि पुलको चौतर्फी बन्ने बाँध निर्माणको काम भने ढुङ्गा नहुँदा रोकिएको लामो समय बितिसक्यो। यहाँको भीमदत्त नगरपालिका-१२ ओदालीस्थित महाकाली नदीमा निर्माणाधीन पुलको तटबन्ध बनाउने काम ढुङ्गाकै कारण रोकिएको हो।

पुलको दुवैतर्फ पाँच हजार ४०० मिटर बाँध निर्माण गर्नपर्ने योजनामा रहेको छ। नदीको पारिवारि गरी दुवैतर्फ दुई हजार ७०० लम्बाइ भएको बाँध निर्माण गर्नपर्ने ठेक्कामा उल्लेख छ। आउँदो बर्सातअघि ढुङ्गा नपाउने हो भने द्रुतगतिमा बनेको पुल बाढीको उच्च जोखिममा पर्नसक्ने पुल निर्माण गरिरहेको कुमार श्रेष्ठ निर्माण कम्पनी तथा चाइना फ्युल कन्स्ट्रक्शन कम्पनीको भनाइ छ। कम्पनीका इञ्जिनीयर किशोरराज पाण्डेयले बाँधका लागि एक लाख ४१ हजार घनमिटर ढुङ्गा आवश्यक पर्ने बताए। ‘हामीलाई ७० प्रतिशत ढुङ्गा २६० किलोग्रामभन्दा बढी तौलका चाहिन्छ’, उनले भने, ‘ढुङ्गा उपलब्ध हुने कुनै सुरसार सरकार पक्षबाट देखिँदैन।’

उनले निर्माणाधीन पुलसम्म पुग्ने ६०० मिटर पहुँचमार्ग सुरक्षित राख्न पनि बाँध बर्सातअघि बनाउनुपर्ने चुनौती रहेको बताए। विसं २०७४ भदौदेखि शद्ररु भएको निर्माणको अवधि आगामी २०७८ फागद्रन १२ गतेसम्म तोकिएको छ। रु तीन अर्ब ६७ करोडको लागतमा बन्ने पद्रलअन्तर्गत ७.८ किलोमिटर लम्बाइको छ लेनको पहद्रँचमार्ग कालोपत्र भइरहेको छ। पद्रलको दद्रवैतर्फ १.२ वर्गकिलोमिटर क्षेत्रफलका दद्रई पोखरीसमेत निर्माण गर्नङ्ग्पर्ने सम्झौतामा उल्लेख छ।

केही समयअघि महाकाली पुल योजना कार्यालयले स्थानीय तह र प्रशासनसित समन्वय गरी महेन्द्रनगरको उत्तरमा रहेको चुरेको फेदबाट ठूला ढुङ्गा ल्याउन थाले पनि स्थानीय उपभोक्ताको विरोधपछि त्यो रोकिएको छ। यद्यपि महाकाली पुल योजना कार्यालय भने ढुङ्गा उपलब्ध गराउन मन्त्रिपरिषद्को निर्णयका लागि केन्द्रमा पहल गरिरहेको छ। *रासस*

प्रचण्ड–नेपालका कार्यकर्ता

सरकारले गरेको प्रतिनिधिसभा विघटनको विरोधमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल समूहद्वारा काठमाडौंमा आयोजित विरोध सभामा उपस्थित एक कार्यकर्ता। तस्वीर : प्रदीपराज वन्त, रासस

मिस नेवाः नेपाल एकसाता पछि सऱ्यो

टुडे एक्सप्रेस / काठमाडौं

नेवार सुन्दरीहरूको सौन्दर्य प्रतियोगिता मिस नेवाः नेपाल यसवर्ष निर्धारित मितिभन्दा १ सातापछि हुने भएको छ। नेवार समुदायका युवतीहरूका लागि नेप्लिज फेशन होमले आयोजना गर्दै आएको मिस नेवाः नेपाल यस वर्ष फागुन ७ गते कमलादिस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा गर्ने पक्का गरेपनि सरकारले प्रजातन्त्र दिवससम्बन्धि कार्यक्रम प्रतिष्ठानमै गर्ने भएपछि एक साता पछाडी सार्नं परेको नेप्लीज फेसन होमकी अध्यक्ष हेमा मानन्धरले जानकारी गराइन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको सहभागीतामा प्रजातन्त्र दिवससम्बन्धी कार्यक्रम तोकिएकाले मिस नेवाः को कार्यक्रम एक सातापछाडिलाई सारिएको हेमाले बताइन्। अब १५औं संस्करणको मिस नेवाः नेपाल ११४१ फागुन ७ को साटो फागुन १५ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुनेछ। मिस नेवाःका प्रतिस्पर्धीहरू मिस ट्यालेन्टलगायतका कार्यक्रम तथा विभिन्न तालिम, प्रशिक्षण र भ्रमणपछि अहिले अन्तिम प्रतिस्पर्धामा भिड्ने तयारीमा जुटेका छन्।

१५ औं संस्करणको मिस नेवाः नेपाल ११४१ मा १५ जना नेवार सुन्दरीहरू अन्तिम प्रतिस्पर्धामा भिड्दैछन्। नेप्लीज फेसन होमले डेढ दशकदेखि नेवार समुदायका युवतीहरूका लागि मिस नेवाः नेपाल आयोजना गर्दै आएको छ भने नेवार समुदायका बालिकाहरूका लागि लिटिल मिस नेवाः आयोजना गर्दै आएको छ। नेवार समुदायको कला, भाषा र संस्कृतिलाई जीवन्त राख्न यी प्रतियोगिता आयोजना गर्दै आएको नेप्लीज फेसन होमकी अध्यक्ष मानन्धरले बताउँछिन्।

जसपाद्वारा मशाल जुलुस प्रदर्शन

टुडे एक्सप्रेस / जनकपुरधाम

प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक रुपमा गरेको संसद विघटनविरुद्ध जनता समाजवादी पार्टी (जसपा)ले जनकपुरमा मशाल जुलुस पर्दशन गरेको छ।

बुधबार जनकपुरधामको रेलवे स्टेशनबाट जसपाका नेता एवं कार्यकर्ताले मशाल जुलुस निकालेका थिए। प्रधानमन्त्री ओलीविरुद्ध चर्को नाराबाजी गर्दै जसपाका नेता कार्यकर्ताहरू रेल्वे स्टेशनबाट सुरु गरी भानु चोक, शिव चोक हुँदै जनक चोक पुगेका थिए।

यस्तै, धनुषाको सबैला नगरपालिकामा पनि नेताहरूले मशाल जुलुस प्रर्दशन गरेका छन्। पार्टीका नगर अध्यक्ष वैद्यनाथ रायको नेतृत्वमा निस्केको जुलुस भठिहन चोकमा कोणसभामा परिणत भएको थियो।

पार्टीका स्थानीय नेता उपेन्द्र राय, गौरी कापर, नगर सचिव सिकेन्द्रसिंह यादव, नेताहरू रामनाथ यादव, अवधकिशोर महरा, प्रकाश यादव लगायत नेताहरूले कोणसभाको सम्बोधन गरे।

प्रधानमन्त्री ओलीको असंवैधानिक कदमविरुद्ध पार्टीको केन्द्रिय नेतृत्वले तय गरेको विरोधका कार्यक्रम अनुसार बुधबार सबैलामा पालिका स्तरीय सांकेतिक विरोध स्वरुप मशाल जुलुस प्रदर्शन गरेको नेताहरूले बताएका छन्।

सक्कली सुन भन्दै ५५ लाख ठगी

टुडे एक्सप्रेस / काठमाडौं

काठमाडौंमा एउटा आपराधिक समूहले एक किलो नक्कली सुन दिएर ५० लाख ठगी गरेको छ। उक्त समूहले काठमाडौंको ताहाचल बस्ने एक व्यक्तिलाई सुन जस्तो देखिने एक किलो पहेंलो धातुलाई सक्कली सुन हो भन्दै ५५ लाख रुपैयाँ ठगी गरेको महानगरीय अपराध महाशाखाले जनाएको छ।

महाशाखाको टोलीले ठगी गरेको आरोपमा छ जनालाई पक्राउ गरी आवश्यक अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर काठमाडौंलाई बुझाएको छ। पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ बस्ने काभ्रेका ३२ वर्षीय सन्तबहादुर लामा, काठमाडौं तार्केश्वर नगरपालिका- ५ शान्तिटोल बस्ने नुवाकोटका ४५ वर्षीय ऋषमान घले, मेख तामाङ, जेरी तामाङ, राज तामाङ र काठमाडौं महानगरपालिका ताहाचल बस्ने झापाका अभयकुमार चौधरी रहेका छन्।

यही माघ ११ गते उक्त सुन जस्तो देखिने एक किलो पहेंलो धातु सक्कली सुन हो भन्दै उक्त ठगी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखा मीनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई उपत्यकाको विभिन्न स्थानबाट पक्राउ गरेको थियो।

उनीहरूको साथबाट प्रहरीले रु नौ लाख ५० हजार नगदसहित ठगी गरेको रकमबाट खरीद गरेको मोटरसाइकल र पाँच वटा मोबाइल बरामद गरेको छ।

बलात्कार आरोपमा राई पक्राउ

सुखिलाल चौधरी / उदयपुर

उदयपुरमा एक युवतीलाई बलात्कार गरेको आरोपमा एक युवक पक्राउ परेको छ। त्रियुगा नगरपालिका ११ असारी रोड बस्ने साइमन राईलाई बलात्कार गरेको आरोपमा पक्राउ परेको छ।

चौदण्डीगढी नगरपालिका ६ घर भएकी २० वर्षीय युवतीलाई बलात्कार गरेको आरोपमा राई पक्राउ परेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सुचना अधिकृत प्रहरी नायव निरिक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

आरोपी राईलाई मंगलबार पीडित युवतीलाई ललाई फकाई आफ्नै कोठमा लगि धाकधम्की दिई कुटपिट गर्दै जबरजस्ती करणी गरेको पीडितलाई उध्रित गर्दै प्रहरीले जनाएको छ। पक्राउ परेको राईलाई अदालतबाट म्याद थप गरी हिरासतमा लिई अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।

एकै पटक धेरै नम्बरमा यसरी पठाउनुस् एसएमएस

टुडे एक्सप्रेस / काठमाडौं

विभिन्न संघसंस्था, कार्यालय वा सङ्गठित संस्था तथा व्यक्तिले एकैपटक धेरै मोबाइल नम्बरमा एउटै सन्देश (एसएमएस) पठाउनुपर्ने आवश्यकतालाई सम्बोधन गर्न नेपाल टेलिकमले एसएमएसमा आधारित विभिन्न सेवा उपलब्ध गराउने भएको छ।

टेलिकमले ग्राहकको आवश्यकताअनुसार एसएमएस अलर्ट, एसएमएस सर्टकोड र वेब-बेस्ड बल्क एसएमएस गरी तीन प्रकारका एसएमएसमा आधारित सेवा आजदेखि उपलब्ध गराउने भएको प्रवक्ता राजेश जोशीले जानकारी दिए। एसएमएस अलर्ट र सर्टकोड सुविधा उपयोग गर्न चाहने संस्थाको आफ्नै एसएमएस एप्लिकेसन वा सिस्टम हुनु आवश्यक छ भने वेब-बेस्ड बल्क एसएमएस पठाउन चाहने संस्थाका लागि नेपाल टेलिकमले नै आवश्यक व्यवस्था मिलाइदिने हुनाले कुनै थप एप्लिकेसन वा सिस्टमको आवश्यकता पर्दैन।

एसएमएस अलर्ट, सर्टकोड सेवा र वेब-बेस्ड बल्क एसएमएस सेवा उपयोग गर्नका लागि औपचारिकरुपमा अनुरोध गरिएको एउटा पत्र तयार गर्नंपर्छ। सो पत्रका साथमा कम्पनी प्रोफाइल, प्राविधिक प्रोफाइल, सेवाको उद्देश्य, सम्भावित ग्राहक र ग्राहक आधार संलग्न गर्नंपर्छ। त्यसैगरी कम्पनी दर्ता र कर कार्यालयमा दर्ता भएको कागजातको प्रतिलिपि समावेश गर्नंपर्छ। यी सम्पूर्ण कागजातसहित तयार गरिएको पत्रलाई खबकर लतआलभतालउ मा इमेलमार्फत पठाउन सकिन्छ वा कम्पनीको नजिकको कार्यालयमा दर्ता गराउन सकिन्छ।

वेब-बेस्ड बल्क एसएमएस सेवाका हकमा नेपाल टेलिकमबाट स्वीकृति प्रदान भएपश्चात् एसएमएस भोल्युम कोटाका आधारमा तोकिएको रकम बैंक खातामा बुझाउनुपर्छ। यसपछि नेपाल टेलिकमले ग्राहकको युजर एकाउन्ट बनाएर ग्राहकलाई उपलब्ध गराउँछ। यसैका आधारमा ग्राहकले एसएमएस सेवा प्रदान गर्न सक्दछ।

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४. धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७. बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २. नेपाल

शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४. धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७. बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमातुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २. नेपाल

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर